पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

Pioneer Private Publication House · Established in Mangsir 15, 2041

newsofnepal.com

राष्ट्रिय दैनिक

सोमबार, असार ३१, २०८१ | Monday, July 15, 2024 | नेसं ११४४, दिल्लाथ्व ९ | वर्ष २९, अंक १५९ | पृष्ठ ८ | मूल्य रु १०/–




# एमाले अध्यक्ष ओलीको सिंहदरबारमा चौथोपटक 'कमब्याक'

## बने मुलुकको ४५औं प्रधानमन्त्री, आजै शपथ, लगत्तै कार्यभार

जीवन शर्मा, काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली मुलुकको ४५ औं प्रधानमन्त्री नियुक्त हुनुभएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार नेपालको संविधानको धारा ७६(२) अनुसार ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो। यो नियुक्तिसँगै ओलीको सिंहदरबारमा चौथोपटक 'कमब्याक' भएको छ। नवनियुक्त प्रधानमन्त्री ओलीलाई आज सोमबार बिहान ११ बजे पद तथा गोपनीयताको शपथ गराउने राष्ट्रपतिको कार्यालयले जनाएको छ। राष्ट्रपति कार्यालयमा शपथ लिएलगत्तै ओली सिंहदरबार पुगेर प्रधानमन्त्रीको कार्यभार सम्हाल्नुहुने छ। प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा बहुमत जुटाएका ओली चौथोपटक प्रधामनमन्त्री बन्न सफल हुनुभएको हो।


निवर्तमान प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार संसद्मा ६३ मतमात्र पाएर विश्वासको मत गुमाएपछि राष्ट्रपति पौडेलले आइतबार साँझ ५ बजेसम्मका लागि संविधानको धारा ७६(२) अनुसारको सरकार गठनको आह्वान गरेलगत्तै ओली शुक्रबार राती नै राष्ट्रपति निवास पुगेर बहुमतसहित प्रधानमन्त्रीको दाबी पेस गर्नुभएको थियो। सरकारमा बहुमत पुऱ्याउनका लागि कम्तीमा १३८ सिट आवश्यक पर्नेमा ओलीले १६६ सांसदको समर्थनसहितको पत्र राष्ट्रपतिसमक्ष बुझाउनुभएको थियो।

राष्ट्रिय सहमतिको सरकार बनाउन कांग्रेस-एमालेबीच असार १७ गते राती सत्ता सहकार्यको सहमति भएको थियो। ओली सरकारलाई संसद्को दुईतिहाई समर्थन रहने बताइए पनि दाबीपत्रमा कांग्रेस र एमालेका सांसदको समर्थन रहेको जनाइएको थियो। यद्यपि, ओलीको पक्षमा नेपाली कांग्रेस, एमाले, राप्रपा, जसपा, जनमत, लोसपा, नाउपालगायत दलले समर्थन गर्ने संकेत गरेका छन्। संवैधानिक व्यवस्थाअनुसार ओलीले आगामी ३० दिनभित्र संसद्बाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

संसद्का प्रमुख दल कांग्रेस सभापति शेरबहादुर देउवा र अध्यक्ष ओलीबीच सत्ता सहकार्य गर्नेगरी सात बुँदे सहमतिमा हस्ताक्षर भएको थियो। उक्त दस्तावेज नेताहरूले सार्वजनिक नगरे पनि एमाले अध्यक्ष ओली दुई वर्ष प्रधानमन्त्री, कांग्रेस सभाापति शेरबहादुर देउवा बाँकी अवधि चुनावसम्म प्रधानमन्त्री बन्ने सहमति गरेको नेताहरूले बताएका छन्। त्यस्तै, आवश्यकताअनुसार संविधान संशोधन गर्ने, प्रदेश सरकारको नेतृत्व तीन -तीनवटा लिने, संघीय सरकारमा बराबरी मन्त्रालय लिनेसहितको सहमति भएको थियो। दुई दलबीच भएको सहमतिलाई पूर्ण कार्यान्वयन गर्दै मुलुकको राजनीतिक स्थिरता र संविधान संशोधनका लागि राष्ट्रिय सहमतिको सरकार बनाउने नेताहरूले दाबी गरेका छन्।

### यस्तो छ ओली देउवाबीच सात बुँदे सहमति

- एमाले अध्यक्ष ओली दुई वर्ष प्रधानमन्त्री, कांग्रेस सभाापति शेरबहादुर देउवा बाँकी अवधि चुनावसम्म प्रधानमन्त्री बन्ने
- प्रदेश सरकारमा तीनतीन वटामा नेतृत्व लिने। मधेस प्रदेशमा मधेसकेन्द्रित दलकै नेतृत्वमा सरकार बनाउने पहल गर्ने
- संविधान संशोधन गर्दै समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिएर आउने सांसदलाई राष्ट्रियसभामा लैजाने, उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने समझदारी
- प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको सिटसंख्याबारे पुनर्विचार गर्ने
- पालिकाको संख्या ७५३ बाट घटाएर वडाको संख्या वृद्धि गर्ने
- संविधान पुनरावलोकन गर्नका लागि पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको नेतृत्वमा सुझाव समिति बनाउने
- प्रदेश सभामा समानुपातिकतर्फको प्रावधान हटाएर प्रत्यक्ष निर्वाचित मात्रै राख्ने



### प्रधानमन्त्रीमा चौथो इनिङसम्मको यात्रा

पहिलोपटक : २०७२ असोज २५
दोस्रोपटक : २०७४ फागुन ३ गते
तेस्रोपटक : २०७८ वैशाख ३० गते
चौथोपटक : २०८१ असार ३०

**कांग्रेसबाट** : प्रकाशमान सिंह, रमेश लेखक, अजय चौरासिया, किशोरसिंह राठोर, आरजु राणा र दिपक खड्का हृदयराम थानी, प्रदीप पौडेल, रामनाथ अधिकारी र तेजुलाल चौधरी

**एमालेबाट** : विष्णु पौडेल, कृष्णगोपाल श्रेष्ठ, योगेश भट्टराई, पृथ्वी सुब्बा गुरुङ, महेश बर्तौला, विद्या भट्टराई, छविलाल विश्वकर्मा, जुलीकुमारी महतो, दामोदर भण्डारी, पदम गिरी

### प्रधानमन्त्री ओलीले दिए सबैलाई सम्मान र धन्यवाद

प्रधानमन्त्रीमा नियुक्त भएपछि ओलीले सबैलाई सम्मान र धन्यवाद दिएका छन्। प्रधानमन्त्री ओलीले आफ्नो फेसबुकमा लेख्दै भनेका छन् 'सबैलाई सम्मान, सबैलाई धन्यवाद।

## दुवै दलका सम्भावित मन्त्रीहरू को को हुन् ?

काठमाडौं, (नेस)

नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले आज बिहान ११ बजे राष्ट्रपति रामचन्द्र पौडेलबाट शीतल निवासमा शपथ लिएलगत्तै मन्त्रीहरूको शपथ हुने कार्यक्रम तय गरिएको छ।

पार्टीबाट मन्त्री छान्ने अधिकार प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष ओलीलाई नै दिइएको छ। ओलीले : विष्णु पौडेल, कृष्णगोपाल श्रेष्ठ, योगेश भट्टराई, पृथ्वी सुब्बा गुरुङ, महेश बर्तौला, विद्या भट्टराई, छविलाल विश्वकर्मा, जुलीकुमारी महतो, दामोदर भण्डारी, पदम गिरीमध्येबाट मन्त्री बनाउनुहुने स्रोतले जानकारी दिएको छ।

उता, सरकारको मुख्य साझेदार दल नेपाली कांग्रेसले ९ जना मन्त्री पठाउने निश्चित भएको छ। नयाँ सरकारमा क्षमता, योगदान, समावेशीताको मापदण्ड बनाएको कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवा पक्षका ५ र इतर समूहका ४ जनालाई मन्त्री बनाउने तयारी भएको कांग्रेसका एक पदाधिकारीले बताए।

आइतबार साँझसम्म प्राप्त सूचनाअनुसार प्रकाशमान सिंहको नेतृत्वमा सरकारमा जाने तयारी गरेको कांग्रेसले संस्थापन पक्षबाट प्रकाशमान सिंह, रमेश लेखक, अजय चौरासिया, किशोरसिंह राठोर, आरजु राणा र दीपक खड्का पठाउने करिब निश्चित भएको छ। त्यस्तै, डा. शेखर कोइराला समूहबाट हृदयराम थानी, रामनाथ अधिकारी र तेजुलाल चौधरीको नाम पठाउने तयारी भएको छ।

राजनीतिक इतिहास

## झापा विद्रोहदेखि चार पटकसम्म प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओली २००८ साल फागुन ११ गते शनिबार पिता मोहनप्रसाद ओली र माता मधु ओलीको कोखबाट जन्मिनुभएको थियो। इवा-२ तेह्रथुममा जन्मिए पनि उहाँको सपरिवार पछि सरणामती-६, झापामा बसाइँ सरेको थियो। ओलीले डेढ वर्षको उमेरमै आमाको काख गुमाउनुभयो। लामो समय जेलनेल भोगेका नेता ओलीको राजनीतिक यात्रा झापाबाटै शुरू भएको हो। चर्चित झापा विद्रोहका एक मुख्य पात्र ओली उक्त विद्रोहकालीन एकमात्र जीवित नेता हुनुहुन्छ।

(क्रमश: पृष्ठ ३ मा)

| | |
|---|---|
| एमाले अध्यक्ष | : २०७१ देखि हालसम्म |
| पार्टी संसदीय दलको नेता | : २०७० |
| स्थायी कमिटी सदस्य | : २०५९ |
| युवा संघको अध्यक्ष | : २०४७ |
| लगातार १४ वर्ष जेल जीवन | : २०३० देखि २०४४ |
| पूर्णकालीन भूमिगत राजनीति | : २०२७ |

## यसरी बचे अमेरिकी पूर्वराष्ट्रपति ट्रम्प



काठमाडौं, (नेस)

अमेरिकाका पूर्व राष्ट्रपति डोनल्ड ट्रम्पमाथि पेन्सलभेनिया राज्यको बट्लरमा चुनावी ऱ्यालीलाई सम्बोधन गर्ने क्रममा गोली प्रहार भएको छ।

यस पटक ट्रम्पले टेलिप्रम्पटर प्रयोग नगरेका कारण ज्यान जोगिएको चर्चा चलेको छ।

(क्रमश: पृष्ठ ३ मा)

## पीडितका आफन्तले छोडे सिमलताल

यदुप्रसाद भट्ट, काठमाडौं

दुर्घटना क्षेत्र आसपासमै गाडी नभेटिएपछि पीडितका आफन्तले सिमलताल क्षेत्र छोडेका छन्। दुई बससहित हराइरहेका यात्रुको खोजीमा चुम्बकदेखि ड्रोनसम्मको प्रयोगबाट पनि दुईवटा बसको खोजीमा कुनै प्रमाण भेटिने संकेत नभएपछि पीडतहरूले उक्त क्षेत्र छाडेका हुन्।

हिजोसम्म पीडितका आफन्तको भीडले भरिभराउ तथा रोदनले कोलाहल बनेको सिमलताल आज शान्त बनेको छ। त्रिशूलीमा बस खोजिरहेका उद्धारकर्ता पनि घटनास्थल आसपास छैनन्। घटनास्थल आसपास लास भेट्टाउने आस मरेपछि उनीहरूले सिमलताल छोडेका हुन्। पीडितका आफन्तहरूको कोलाहल नहुँदा एकाएक शान्त बनेको छ सिमलताल। यति बेला पीडितका आफन्त रोइरहेका छैनन्। न त उनीहरूलाई हिजोअस्ति जस्तो नदी किनारमा भेटिएका शव आफ्नो मान्छेको हो कि भनेर कुद्न नै हतार छ।



दुर्घटनाको चौथो दिन आइतबारसम्म ६ वटा शव घटना भएको ठाउँभन्दा करिब ५० किलोमिटर तल भरतपुर र नवलपुरका नारायणी किनारमा भेटिन थालेपछि हराइरहेको दुई बसभन्दा प्राथमिकतामा अहिले बेपत्ता यात्रु परेका छन्।

उद्धारमा संलग्न तालिमप्राप्त टोलीले दुर्घटनामा फसेका बसहरू घटनास्थलभन्दा तल घुमाउने, सेती दोभानलगायतका फराकिलो क्षेत्रमा पो आइपुगेको छ कि भनेर खोजी गरिरहेको सशस्त्र प्रहरी विपद् शिक्षालय कुरिनटारले जनाएको छ। घटनास्थलबाट त्रिवेणीसम्म ६ वटा भागमा विभाजन गरेर खोजी कार्य जारी छ। खोजीमा नेपाल प्रहरीका मात्रै १ सय ६२ जना संलग्न छन्। त्यसै गरी सशस्त्र प्रहरी र नेपाली सेनाका टोली पनि सहभागी छन्।

(क्रमश: पृष्ठ ३ मा)

### शव भेटिने क्रम जारी

तालिमप्राप्त गोताखोरसहित खोजी कार्यका लागि प्रविधिको प्रयोग गरी चार दिनसम्म खोजी गर्दा दुईवटा बसमा सवार यात्रुहरूमध्ये ६ जना मात्रै भेटिएका छन्। भेटिएका सबै शव पुरुषको मात्रै रहेका छन्। उनीहरू घटनास्थलभन्दा ५० किलोमिटर तल नारायणी नदी तटीय क्षेत्रमा भेटिएका हुन्। भेटिएकामध्ये तीन जना भारतीय नागरिक रहेका छन्। भेटिएका ६ जनामध्ये पहिचान खुलेका ५ जनामा भारत विहारका ऋषि पल साह, विहारकै चम्पारणका जयप्रकाश ठाकुर र अर्का भारतीय नागरिक सजाद अन्सारी छन्।

(क्रमश: पृष्ठ ३ मा)

पतञ्जली आयुर्वेद कलेजको बदमासी

## १० महिनाको पारिश्रमिक नपाएको भन्दै श्रममा उजुरी

### १५ दिनभित्र लिखित जानकारी गराउन पत्र

ईश्वरराज ढकाल, काठमाडौं

पतञ्जली आयुर्वेद मेडिकल कलेज एन्ड रिसर्च सेन्टरले २० जना आयुर्वेद विषयका इन्टर्न चिकित्सकलाई १० महिनासम्म पारिश्रमिक नदिएपछि उनीहरूले श्रम तथा सामाजिक सुरक्षा विभागमा उजुरी दिएका छन्। बाबा रामदेव, आचार्य बालकृष्ण र नेपालको तर्फबाट ट्रस्टी शालिकराम सिंहले सञ्चालन गरेको उक्त कलेजविरुद्ध ती विद्यार्थीले विभागमा उजुरी दिएका हुन्।

सो उजुरीका आधारमा विभागले असार २४ गते कलेजलाई पत्र काटेर १५ दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ। विभागले श्रम ऐन २०७४ तथा नियमावली २०७५ को व्यवस्थाबमोजिम निवेदकको मागलाई सम्बोधन गरी विभागलाई लिखित जानकारी गराउन निर्देशन दिएको हो।

कलेजले ५ वर्षे बिएएमएस कोर्सअन्तर्गत अन्तिम एक वर्ष प्रशिक्षार्थीको रूपमा आयुर्वेद चिकित्सकलाई खटाउने व्यवस्था छ। सोही व्यवस्थाअनुसार कलेजले २०८० भदौ २३ गतेबाट २० जनालाई प्रशिक्षार्थी चिकित्सकको रूपमा काममा खटाउन थालेको थियो।

(क्रमश: पृष्ठ ३ मा)

# अलकराजको विम्बल्डन उपाधिमा राज

**लन्डन, (एजेन्सी)**

यस वर्षको विम्बल्डन टेनिस प्रतियोगिताको उपाधि जितेर स्पेनका कार्लोस अलकराजले उपाधिको रक्षा गरेका छन्।

अलकराजले २४ ग्रान्डस्लाम जितेर पुरुष एकलतर्फ कीर्तिमान रचेका नोभाक जोकोभिचलाई सीधा सेटमै पराजित गरेका थिए। साथै जोकोभिच विम्बल्डनमा सात पटक उपाधि जितेका खेलाडी समेत हुन्। आइतबार भएको फाइनलमा विम्बल्डनका अनुभवी खेलाडीलाई युवा अलकराजले कुनै पनि विधामा चल्न दिएनन्।

फोरह्यान्ड, ब्याकह्यान्ड, रिटर्न, भलि र सर्भिसमा उत्कृष्ट खेल देखाएर अलकराजले उपाधि सहजै जितेका हुन्। उनले यो एकतर्फी बनाएको फाइनल खेल ६-२, ६-२, ७-६ ले जितेका थिए। गत वर्ष पनि उनले फाइनलमा जोकोभिचलाई नै हराएका थिए।

**रोमाञ्चक तेस्रो सेट**

दुई सेट निरस भएर सकेपछि तेस्रो सेट भने रोमाञ्चक बनेको थियो। तेस्रो सेटमा ५-४ को अग्रता लिएका अल्कारजसँग तीन च्याम्पियनसिप अंक थियो। एक च्याम्पियनसिप मात्रै बचाएपनि उपाधि जित्ने अवसर थियो। तर, यी तीनै च्याम्पियनसिप अंक बचाएर जोकोभिचले यो सेट ५-५ मा पुऱ्याएका थिए। यसपछि जोकोभिचले आफ्नो सर्भिस बचाएर ६-५ को अग्रता बनाएपछि खेलमा पहिलो पटक अग्रता लिए। तर, अलकराजले ६-६ मा पुऱ्याएर टाइब्रेकमा ७-४ अंकले आफ्नो पक्षमा पार्दै जोकोभिचको पुनरागमन गर्ने आस समाप्त पारिदिए।

**चार ग्रान्डस्लाम उपाधि**

अलकराजले पछिल्ला केही वर्षदेखि विश्व टेनिस जगतमा राज गर्दै आएका



छन्। उनले २१ वर्षको उमेरमै तीन वर्षमा योसमेत गरी करिअरमा चौथो ग्रान्डस्लाम उपाधि जितिसके। उनले पहिलो पटक ग्रान्डस्लाम सन् २०२२ मा यूएस ओपन जितेका थिए। यसपछि उनले विम्बल्डनमा लगातार दोस्रो पटक र फ्रेन्च ओपनमा उपाधि गत महिना जितेका थिए।

**जोकोभिच २४ मै**

अलकराजको उदयले गर्दा जोकोभिचले २५ औं ग्रान्डस्लाम जित्ने लक्ष्यमा बाधा परिरहेको छ। पछिल्ला केही खेलहरूमा उनी अलकराजसँग पराजित भएका छन्। उनी अहिले मार्गारिट कोर्ट स्मिथको सर्वाधिक ग्रान्डस्लाम जित्ने कीर्तिमानीसँग बराबरीमा छन्। दुबैले २४/२४ ग्रान्डस्लाम जितेका छन्।

जोकोभिचले बताएअनुसार उनी सर्वाधिक ग्रान्डस्लाम उपाधि जित्नेमा एकल कीर्तिमान राख्ने लक्ष्यमा रहेका छन्। तर, यो वर्ष तीन ग्रान्डस्लाम प्रतियोगिता समाप्त हुँदासम्म यो लक्ष्यमा पुग्न उनी असफल भए। यस वर्ष समाप्त भएका तीनै ग्रान्डस्लाममा जोकोभिचले उपाधि जित्न सकेनन्। यदि यूएस ओपनमा पनि हारेमा उनको पहिलो पटक ग्रान्डस्लाम उपाधिविहीन वर्ष हुनेछ।

# रोहित र दीपेन्द्रले क्यारेबियन टी १० खेल्ने

**काठमाडौं, (नेस)**

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेल तथा अलराउन्डर दीपेन्द्रसिंह ऐरीले वेस्ट इन्डिजमा हुने म्याक्स ६० क्यारेबियन टी-१० लिग खेल्ने भएका छन्। पाँच टोली सहभागी लिगको पहिलो संस्करण आगामी अगस्ट १८ बाट सुरु हुनेछ।

शनिबार सम्पन्न ड्राफ्टबाट रोहित मायामी लायन्स तथा दीपेन्द्र ग्रान्ड क्यामन स्टिंर्गेसमा अनुबन्ध भएका हुन्। रोहितआबद्ध टोलीमा शोयब मल्लिक, ड्वायन ब्राभो, रबि भोपारा, कोरी एन्डरसन, चाडविक वाल्टन जस्ता चर्चित खेलाडी छन्। यसैगरी दीपेन्द्र आबद्ध टोलीमा एलेक्स हेल्स, रोविन उथप्पा, बेन डुक, जोसुवा लिटिल, मार्क वाट जस्ता खेलाडी छन्।

# जिल्लास्तरीय कबड्डी सुपर लिग सुरु

**सीताराम अधिकारी, धादिङ**

धादिङ टाईटन्सको आयोजनामा धादिङबेसीमा टाईटन्स कबड्डी कप २०८१ सुपर लिग सुरु भएको छ। जिल्लास्तरीय पुरुष कबड्डी प्रतियोगितामा जिल्लाका उत्कृष्ट ६ टोली धादिङ टाईटन्स क्लब ए र बी, विल्केश्वर युवा क्लब ए र बी , थाक्रे कबड्डी क्लब र सुनौलो भैरवी कबड्डी क्लब सहभागी छन्।

कबड्डी खेलबाट धादिङ जिल्लालाई अन्तर्राष्ट्रिय जगतमा पुर्याउने उद्देश्यले क्लवको स्थापना दिवसको अवसर पारेर प्रतियोगिता आयोजना गरिएको टाइटन्स क्लवका अध्यक्ष काजी श्रेष्ठले बताए।

प्रतियोगीतामा प्रथम हुने टोलीले ३० हजार, द्वितीय हुनेले २० हजार र तृतीय हुनेले १० हजार पुरस्कार नगद प्राप्त गर्नेछन्। साथै उत्कृष्ट खेलाडी, उत्कृष्ट रेडर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट अलराउन्डर र उदयमान खेलाडीहरूलाई पुरस्कार व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# उरुग्वेलाई तेस्रो स्थान

**वाशिंगटन, (एजेन्सी)**

उपाधि दावेदारीमा रहेको उरुग्वेले अमेरिकामा जारी कोपा अमेरिका फुटबल प्रतियोगितामा तेस्रो स्थानमा चित्त बुझाएको छ।

आइतबार बिहान भएको तेस्रो स्थानको प्रतिस्पर्धामा उरुग्वेले क्यानाडालाई पेनाल्टी शूटआउटमा ४-३ गोलअन्तरले हराएको थियो। निर्धारित ९० मिनेटसम्म दुवै टोली २-२ गोलको बराबरीमा रोकिएपछि क्यानाडा पेनाल्टीमा स्तब्ध बन्यो। यसअघि सेमिफाइनलमा उरुग्वे कोलम्बियासँग १-० र क्यानाडा अर्जेन्टिनासँग २-० ले हारेको थियो।

पहिलोपटक कोपा खेलिरहेको क्यानाडाले पछि परेको स्थिति उल्टाएर खेलमा अग्रता लिएपनि त्यसलाई बचाउन नसक्दा हार बेहोर्नुपऱ्यो। उरुग्वे हारको नजिक पुगेको बेला बैकल्पिक खेलाडी लुइस स्वारेजले इन्जुरी समयमा गोल गरेर टोलीको उद्धार गरेका थिए। उरुग्वेका लागि पहिलो गोल खेलको आठौं मिनेटमा मिडफिल्डर रोड्रिगो बेन्टानकुरले गरेका थिए। त्यसपछि क्यानाडाका लागि २२औं मिनेटमा इस्माइल कोनेले गोल गरेर खेल बराबरीमा ल्याएका थिए। त्यसपछि ८०औं मिनेटमा जोनाथन डेभिडले गोल गरेर क्यानाडालाई जिततर्फ अघि बढाएका थिए।


**Government of Bagmati Province**
**Water Resource and Irrigation Development Sub Division office**
**Dhunche, Rasuwa**

**Invitation for online Bids**

**Date of Publication : 2081/03/31 (15th July, 2024)**

The Government of Nepal has applied for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project (IMEP). Part of this financing will be used for payments under the Contract named below. Water Resource and Irrigation Development Sub Division (WRIDSD) Rasuwa invites electronics Bids from eligible Bidders for Construction of Dhuple Khola Irrigation Sub-Project, Naukunda-01, Rasuwa. The details are as given below.

| S. N | Contract No. | Name of the Project | Average Annual Construction Turnover (NRs.) | Specific Construction Experience (NRs.) | Bid security Amount NRs. | Cost of bid document NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | IMEP/Rasuwa/ B-1a/CW-43 | Dhuple Khola Irrigation Sub-Project, Naukunda-01, Rasuwa | 17.35 million | 10.41 million | 0.27 million | 3,000.00 | Single Stage Two Envelope |

Bids must be valid for a period of 180 days after bid opening and Bid security shall be valid for 30 days beyond the validity period of the Bid. Electronic bid must be submitted to the office WRIDSD through PPMO website, www.bolpatra.gov.np/egp on or before 12:00 noon 2081/04/31 (15th August, 2024)

Please visit WRIDSD office or refer PPMO's website www.bolpatra.gov.np/egp for detailed information.

**Note:- Please ensure that the bidders are aware and understand the requirement as per ADB guideline as specified in bidding document specially clause 1.7.1 of Section III**

**Sub Division Chief**

**Bagamati Province Government**
**Ministry of Water Supply, Energy & Irrigation**
**Water Resources and Irrigation Development Division Office**
**Hetauda, Makwanpur**

**Notice of Invitation for Bids**

**(First Date of Publication: 2081/03/31, 15th July 2024)**

**Contract No. and Project Name: As per "The Work" table below**

1. The Government of Nepal has applied for financing from the Asian Development Bank (ADB) toward the cost of Irrigation Modernization Enhancement Project. Part of this financing will be used for payments under the Contract named below. Bidding is open to Bidders from eligible source countries of ADB.
2. The Water Resources Irrigation Development Division Office, Makwanpur ("the Employer") invites sealed bids from eligible Bidders for the construction and completion of below mentioned ISPs ("the Works").
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage: Two-Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. The Bidder must satisfy the following Key Qualifying Criteria for the qualification of Bid:
   i. Historical Financial Performance: Submission of Audited Balance Sheet and Income Statements for the Last Five Years to demonstrate the current soundness of the bidder's financial position. As a minimum, a Bidder's Net Worth shall be Positive. (As per 2.3.1 of Section 3 of Bid Document)
   ii. Average Annual Construction Turnover: Minimum average annual construction turnover of NPR: (as mentioned in "The Work" below) calculated as the average of the Best Three (3) Years' total certified payments received for contracts in progress or completed, within the last Five (5) Years. (As per 2.3.2 of Section 3 of Bid Document)
   iii. Financial Resources Requirement: As a minimum, the Bidder must show that his financial resources, in terms of at least Last Year's working capital and lines of credit, will be adequate to cover his Bid Price and current work commitments. (As per 2.3.3 of Section 3 of Bid Document)
   iv. Contracts of Similar Size and Nature (Specific Construction Experience): Bidder's participation as contractor, management contractor, or sub-contractor, in at least one contracts within the last Five (5) years with a value of at least NPR (as mentioned "The work" below) that have been successfully completed and that are similar to the proposed works. (As per 2.4.1 of Section 3 of Bid Document)
   v. Construction Experience in Key Activities: For the above or other contracts executed during the period stipulated in 2.4.1, a minimum construction experience in the following key activities (as mentioned "The work" below) (As per 2.4.2 of Section 3 of Bid Document)
   vi. Bid Validity Period and Bid Security: Bidders' bid consisting of the Technical Bid and the Price Bid shall be valid for a period of 180 days (ITB 18.1) starting from the date fixed for the bid submission deadline in accordance with ITB 22.1. The bid security of NPR (as mentioned "The work" below) shall be valid for 28 days beyond the validity period of the bid.
5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
   Division Chief
   WRIDD, Makwanpur, Bagamati Province
   Telephone: 977 057-522377
   E-mail: hetaudairrigation0@gmail.com
   OR Visit PPMO's e-GP system www.bolpatra.gov.np/egp
6. To purchase the bidding documents in English, eligible Bidders should
   - write to address above requesting the bidding documents for (as mentioned "The work" below)
   - pay a non-refundable fee (as mentioned "The work" below) in the form of Bank Voucher deposited in the Rastriya Banijya Bank Ltd, Makwanpur Branch in Revenue Account No.: 1000100200010000 in favor of Water Resources and Irrigation Development Division, Makwanpur, Office Code: 3130132013, Revenue Heading No.: 14229 by 14 August 2024, 12:00 Noon.
   - Or,
     download the bidding documents from e-GP portal of Public Procurement Monitoring Office (PPMO): https://bolpatra.gov.np/egp. or collect electronic copies from the office mentioned in para. 5
   - pay the fee as specified above, and upload an electronic copy of the bank deposit/voucher/cash receipt/wire transfer when submitting the bid via the e-GP portal,
7. Interested Bidders shall submit electronic bids through PPMO's e-GP System https://bolpatra.gov.np/egp on or before the deadline 14 August 2024, 12.00 hours, NST together with a Bid Security as described in the Bidding Document, and upload an electronic copy of the bid security when submitting the Bid. Paper submission of Bid is not permitted. Only electronically submitted bids will be considered for evaluation.
8. A Pre-bid Meeting shall be held at WRIDD-Makwanpur on 4th August 2024 at 14:00 hrs.
9. Technical Bids will be opened on 14th August 2024, 12.30 hours, NST in the presence of Bidders' representatives who choose to attend.
10. After the completion of evaluation of Technical Bids, bidders evaluated as substantially responsive will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bids shall be notified in writing and/or published in the office notice board/national daily.
11. If the last date of purchase, submission, and opening of Bid Documents falls on a government holiday, then it shall be extended to the respective next working day.
12. The Employer reserves the right to accept or reject wholly or partly any or all of the bids without assigning any reason whatsoever.
13. "The Work"

| S. N. | Contract No. | Name of Work | Average Annual Construction Turnover (NRs.) | Financial Resource Requirement (NRs.) | Specific Construction Experience (NRs.) | Construction Key Experience | Bid Security Amount (NRs.) | Cost of Bid Doc. (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IMEP/ Makwanpur/ B-1a/CW-57 | Construction of Side Intake, Canal & Canal Structures of Bagamati Irrigation Sub- Project, Bagamati- 04, Makwanpur | 34.02 Million | 4.25 Million | 20.41 Million | PCC/ RCC works - 269.20 cum/year | 0.52 Million | 5,000 |
| 2 | IMEP/ Makwanpur/ B-1a/CW-58 | Construction of Side Intake, Canal & Canal Structures of Chau Chau Irrigation Sub- Project, Bakaiya- 09, Makwanpur | 39.05 Million | 4.88 Million | 23.43 Million | PCC/ RCC works - 306.66 cum/year | 0.59 Million | 5,000 |

**Division Chief**

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-०१-४७९२५१७, फ्याक्स : ९७७-०१-४७८२५१७
Web: www.manjushreefinance.com
Email: info@manjushreefinance.com.np

**Interest Rate**

**Effective from 1st of Shrawan, 2081 (16th July, 2024)**

**Interest Rate on Saving Accounts**

| Types of Accounts | Minimum Balance (NPR) | Interest Rates (p.a.) |
|---|---|---|
| Normal Saving | 0.00 | 4.60% |
| Nari Saving | 0.00 | 4.85% |
| Children Saving | 0.00 | 4.85% |
| Manjushree Bishesh Bachat | 5,000.00 | 5.10% |
| Manjushree Premium Account | 25,000.00 | 5.60% |
| Manjushree Talab Bachat Khata | 0.00 | 5.60% |
| Naulo Remit Bachat Khata | 1,000.00 | 6.60% |
| All other Saving Products | 0.00 | 4.60% |
| Call Account | 0.00 | Up to 2.30% |

**Interest on Fixed Deposits for Individuals and Institutions**

| Tenure | Individual (p.a) | Remittance FD | Institutional (p.a) |
|---|---|---|---|
| 3 months to below 6 months | 6.50% | 7.50% | - |
| 6 months to below 1 year | 6.75% | 7.75% | 5.75% |
| 1 year to below 3 years | 7.40% | 8.40% | 6.40% |
| 3 years and below 5 years | 7.60% | 8.60% | 6.60% |
| 5 years and above | 8.00% | 9.00% | 7.00% |
| Recurring Deposit for Individuals | Up to 8.00% | | |

**Interest rate on Loans and Advances**

**Floating Interest Rate: Base rate + Risk Premium (%per annum)**

| Product Details | Minimun Risk Premium | Maximum Risk Premium |
|---|---|---|
| AUTO LOAN | 1 | 3 |
| BIKE LOAN | 2 | 4 |
| TRACTOR LOAN | 2 | 4 |
| LOAN AGAINST FDR | Coupon Rate + 2% or Base rate whichever is higher | |
| PG TERM LOAN | 2 | 4 |
| PG OD LOAN | 2 | 4 |
| EDUCATION LOAN | 1 | 3 |
| HOME LOAN - PREMIUM | 0 | 2 |
| HOME LOAN - NORMAL | 1 | 3 |
| PERSONAL DEMAND/TERM/OD LOAN - PREMIUM | 0 | 2 |
| PERSONAL DEMAND/TERM/OD LOAN - NORMAL | 1 | 3 |
| MFL SAJILO KARJA | 2 | 4 |
| MFL SAJILO SMALL KARJA | 2 | 4 |
| BUSINESS OD/TERM/DEMAND LOAN - PREMIUM | 0 | 2 |
| BUSINESS OD/TERM/DEMAND LOAN - NORMAL | 1 | 3 |
| SHARE LOAN - PREMIUM | 0 | 2 |
| SHARE LOAN - NORMAL | 1 | 3 |
| DEPRIVED SECTOR LOAN - WHOLESALE | 0 | 2 |
| DEPRIVED SECTOR LOAN - RETAIL | 2 | 4 |
| AGRICULTURE LOAN - PREMIUM | 0 | 2 |
| AGRICULTURE LOAN - NORMAL | 2 | 4 |
| OTHER LOANS | 2 | 4 |
| **Fixed Interest Rate (% per annum)** | **15.00%** | |
| **Base Rate for Jestha** | **11.13%** | |

**Notes:**

- Base Rate adjustment on loans with floating interest rate shall be done every Nepali Calendar month.
- For Subsidy Loans, interest rate as per NRB Directives shall apply.
- For Consortium Loans, interest rate shall be as per consortium decision.
- The above-mentioned rates are applicable only for non-overdue and/or pass category loans as per NRB directives. In case of overdue loans and loans other than pass category as per NRB directives, 2% premium over and above aforementioned premium shall be applicable.

# ६ किलो कोकिनसहित मलेसियाली युवती पक्राउ

**नेपाल समाचारपत्र, काठमाडौं**

काठमाडौं प्रहरीले झण्डै २० करोड ५० लाख मूल्य बराबरको ६ किलो कोकिनसहित एक मलेसियाली युवतीलाई पक्राउ गरेको छ।

केही दिनदेखि काठमाडौंमा लागुऔषध तस्करीको समूह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ठूलो मात्रामा लागुऔषध भित्र्याएको सूचना पाएपछि प्रहरी परिसर काठमाडौंको विशेष टोली परिचालन भएको थियो। सो टोलीले ठमेलको एक होटलबाट मलेसियाली नागरिक वाथुम भादिभालोलाई उक्त परिमाणको लागुऔषधसहित पक्राउ गरेको काठमाडौं परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो।

ठमेलमा रहेको सिटी होटलमा सामान लिन आउने व्यक्तिको प्रतिक्षामा रहेको बेला प्रहरीले पक्राउ गरेको थियो। ती महिलाले ६ वटा ब्यागमा फल्स बटम बनाएर उक्त लागुऔषध बैंककबाट काठमाडौं ल्याएर काठमाडौंबाट भारतको नयाँदिल्लीतर्फ लैजाने तयारीमा रहेको बेला प्रहरीले उक्त लागुऔषधसहित ती महिला पक्राउ परेको पनि प्रहरीले जानकारी दिएको छ। पक्राउ परेकी महिला मलेसियाली भाषा मात्र बोल्ने भएकाले थप अनुसन्धानमा जटिलता थपिएको पनि प्रहरीले बताए।

मलेसियाबाट शुक्रबार ती महिला लाओस पुगेको र लासोसबाट शनिबार बैकक हुँदै थाइ एयरबाट सोही राति नेपाल आएकी थिइन्। पक्राउ परेकी ती महिला आगामी शुक्रबार मलेसिया फर्कने तयारीमा रहेको पनि एसएसपी रजौरेले जानकारी दिनुभयो।

ती महिलाले उक्त लागुऔषध लाओसबाट ल्याएको अनुमान प्रहरीले गरेको छ। उनी भरियामात्र भएको आशंका प्रहरीले गरेको छ। पक्राउ परेकी ती महिला यसअघि पनि पटकपटक नेपाल आएको देखिएकाले ती महिलाले यसअघि पनि यस्तै कारोबारमा संलग्न रहेको आशंका गरिएको छ।

## डोलेश्वर मन्दिरमा श्रावणी मेलाको तयारी पूरा

**भक्तपुर, (नेस)**

भक्तपुरको सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित प्रसिद्ध केदारनाथको शिर डोलेश्वर मन्दिरमा ३८ दिने श्रावणी मेला लाग्ने भएको छ। आउने साउन १ गतेदेखि भदौ ६ गतेसम्म मेला लाग्ने डोलेश्वर महादेव संरक्षण तथा विकास समितिले पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएको छ।

मेलाको सम्पूर्ण तयारी सकिएको मन्दिर संरक्षण तथा विकास समितिका अध्यक्ष धर्मराज बस्नेतले जानकारी दिनुभयो। समितिका अनुसार साउन १ गते बिहान चन्द्रविनायक गणेशमन्दिरदेखि डोलेश्वर मन्दिरसम्म कलश यात्रा गरी मेला शुरू हुने छ।

मेलालाई व्यवस्थित रूपमा सञ्चालन गर्न समितिका अध्यक्ष बस्नेतको संयोजकत्वमा मूल समिति गठन गरिएको छ। साथै पूर्वअध्यक्ष राजाराम थापाको संयोजकत्वमा व्यवस्थापन उपसमितिलगायत विभिन्न उपसमिति गठन गरी तयारी गरिएको छ। मन्दिरको पुनर्निर्माणका लागि रकम जुटाउने उद्देश्यले केही वर्षदेखि आयोजना हुँदै आएको मेलामा समितिले सम्पन्न गर्न करिब १० लाख खर्च हुने अनुमान गरेको बताएको छ।

श्रावणी मेलामा शनिबार र सोमबार दर्शनार्थीको अत्यधिक भीड हुने भए पनि पूजा गर्न एक घण्टाभन्दा बढी बस्न नपर्ने गरी व्यवस्था गरिएको छ। अध्यक्ष बस्नेतका अनुसार यस वर्ष मेलामार्फत भेटी र चन्दा सहयोगबाट १ करोड रुपियाँ संकलन हुने अपेक्षा गरिएको छ।

प्रत्येक सोमबार र शनिबार विशिष्ट धार्मिक गुरुहरूबाट धार्मिक प्रवचन तथा कलाकारद्वारा भजन कीर्तन तथा प्रस्तुति रहने र विमला गंगा आरती हुने छ। ३६ सै दिन नै स्थानीय गुरुहरूबाट नित्य पूजालगायत पाठपारायण कार्य हुने छ।

२०६६ साल भदौमा मन्दिरलाई केदारनाथको शिर घोषणा गरिएको अवसरमा भदौ ६ गते मन्दिरको गर्भगृहसम्मै पुगेर भक्तजनले पूजा गर्न पाउने छन्। भक्तजनहरूका लागि प्रवेश खुला तथा श्रावणी मेला २०८१ को यज्ञ पूर्णाहुतिसहित मेलाको समापन हुने भएको छ। मेला अवधिमा पाँच दर्जनबढी स्वयंसेवक परिचालन गरिने छन् भने स्वास्थ्य शिविर पनि आयोजना गरिने जनाइएको छ।

कार्यक्रममा बोल्दै सूर्यविनायक नगरपालिका-८ का वडाअध्यक्ष पुष्पराज बस्नेतले डोलेश्वर मन्दिर धार्मिकसँगै पर्यटकीय गन्तव्यको रूपमा समेत विकास हुँदै गएको बताउँदै नगरपालिकाले यहाँका शिवालयहरूलाई समेटेर शिव सर्किटको निर्माण शुरू गरेको बताउनुभयो।

## मस्तिष्क मृत्युपश्चात् हुने अंगदानबाट ८० प्रतिशत प्रत्यारोपण सम्भव

**काठमाडौं, (नेस)**

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरले शनिबार मस्तिष्क मृत्युपश्चात हुने अंगदानसम्बन्धी बृहत् अन्तर्क्रिया गरेको छ। उक्त अन्तर्क्रियामा काठमाडौं उपत्यकाभित्रका अंगदान हुन सक्ने अस्पतालहरूमा कार्यरत न्युरो तथा अन्य शल्यचिकित्सक, सघन उपचार विशेषज्ञ चिकित्सक तथा नर्स, ट्रान्सप्लान्ट कोर्डिनेटर, फोरेन्सिक विशेषज्ञ, महानगरीय प्रहरी कार्यालयअन्तर्गत काठमाडौं उपत्यकाभित्रका सम्पूर्ण प्रहरी कार्यालयका अधिकृत प्रतिनिधिहरू, ट्राफिक प्रहरीहरू र पत्रकारहरूको सहभागिता रहेको थियो।

मस्तिष्क मृत्यपश्चात हने अंगदान र प्रत्यारोपणसम्बन्धी जनचेतनाको अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको अन्तर्क्रियामा केन्द्रका कार्यकारी निर्देशक तथा वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपणविद् डा. पुकारचन्द्र श्रेष्ठले आफू मरेपछि खरानी भएर जाने अंग या गाडेर सकिने अंग दान दिन सके १ जना व्यक्तिबाट ८ जनाको ज्यान बचाउन सकिने विषयमा सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्नु सबैभन्दा महत्वपूर्ण भएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'सबैले आ आफ्नो क्षेत्रबाट सक्रिय भएर लाग्यौं भने विदेशमा जस्तै ८० प्रतिशत प्रत्यारोपण नेपालमा पनि मस्तिष्क मृत्युबाट भएका व्यक्तिको अंगबाट हुनसक्छ र अंग नपाएर अंग प्रत्यारोपणबाट बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य हुनसक्छ।'

कार्यक्रममा मस्तिष्क मृत्यु भएको व्यक्तिबाट प्राप्त हुने अंग वितरण पारदर्शी बनाउन सरकारले स्पष्ट मापदण्ड बनाएको उल्लेख गर्दै त्यसैअनुसार अंग वितरण हुने जानकारी दिइयो।

### झापा...

उहाँ विभिन्न समयमा नेपालको गृहमन्त्री, उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्रीसमेत बन्नुभयो। २०४८ सालमा झापा क्षेत्रनम्बर ६ र २०५९ सालमा झापा क्षेत्रनम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओली २०५१ देखि २०५२ सम्म गृहमन्त्री हुनुभएको थियो। २०६४ देखि २०६५ सम्म उपप्रधान एवम् परराष्ट्रमन्त्री हुनुभएका ओली नेकपा एमालेको तर्फबाट वि.सं २०७२ असोज २४ गते नेपालको ३८ औं प्रधानमन्त्रीको रूपमा निर्वाचित हुनुभएको थियो। त्यतिबेला भारतले लगाएको नाकाबन्दिविरुद्ध स्वाभिमानपूर्वक लडेको भन्दै ओलीको प्रशंसा भएको थियो।

२०७४ सालमा माओवादीसँग गठबन्धन गरी ओलीकै नेतृत्वमा एमाले चुनावमा होमिँदा दुई दलको गरी अत्यधिक बहुमत आएको थियो। त्यसपछि ओली दोस्रोपटक २०७४ सल फागुन ३ गते अन्य केही दलको समर्थन जुटाएर दुई तिहाइको शक्तिशाली प्रधानमन्त्री बन्नुभएको थियो। पछि नेकपा फुट र संसद् विघटनसँगै २०७८ वैशाखमा प्रधानमन्त्रीबाट हट्नु परेको थियो। सोही समयमा संसद्को ठूलो दलको हैसियतले ओलीलाई राष्ट्रपति विद्यादेवी भण्डारीले तेस्रोपटक २०७८ साल वैशाख ३० गते प्रधानमन्त्री नियुक्त गरे पनि सर्वोच्च अदालतले उहाँको नियुक्ति बदर गरिदिएपछि उहाँ प्रधानमन्त्रीबाट हट्नुभएको थियो।

तत्कालीन नेकपा (माले)को संस्थापकमध्येका एक केपी शर्मा ओली २०२२ सालमा कम्युनिस्ट राजनीतिमा लाग्नुभएको हो। २०२६ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिनुभएका उहाँ २०२८ सालको झापा आन्दोलनका प्रमुखहरूमध्येका एक हुनुहुन्छ। सोही वर्ष जेल पर्नुभएका ओली पञ्चायती व्यवस्थाविरुद्धको संघर्षका क्रममा २०४४ सालसम्म पटकपटक गरी १४ वर्ष जेल जीवन बिताउनुभएको थियो।

### शव...

त्यसै गरी पहिचान खुलेका अन्यमा चितवन माडी घर भएका विकास परियार, सर्लाहीका रमित कुसर माझी रहेका छन्। उनीहरूको शव भरतपुर २८ गोलाघाट र नवलपुरको गैंडाकोट ७ गैरी क्षेत्रमा भेटिएको हो।

यसैबीच पूर्वी नवलपरासीको त्रिवेणीस्थित भारततर्फको वाल्मीकि नहरमा पहिचान नखुलेको २ वटा पुरुष व्यक्तिको शव फेला परेकोले सहजीकरण तथा समन्वयका लागि सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट त्रिवेणीबाट सप्रनिको कमान्डमा ७ जनाको टोली खटिएको सशस्त्र प्रहरीले जनाएको छ।

### पीडितका...

शव भेटिएको अवस्थामा उद्धार गर्न पनि प्रहरी टोली तैनाथ छ। सशस्त्र प्रहरीले घटनास्थलदेखि गोलाघाटसम्म दुईवटा सेक्टर छुट्याएर ४/४ वटा बोटमा खोजी कार्य गरेको छ।

घटनास्थलदेखि दासढुंगासम्म ४ वटा वाटर बोट र दासढुंगादेखि गोलाघाटसम्म ४ वटा वाटरबोटमा सशस्त्रको तालिम प्राप्त टोली सहभागी छ। टोलीले नदी तटीय क्षेत्रमा सर्च अभियान चलाएका छन्।

जसमा रबर बोट, रिभर बक्स, सोनारलगायतका साधन प्रयोग गरिएको छ भने ६ तरिकाबाट खोजी अभियान चलाइएको छ। जसमा बाँस, हुक, चुम्बक, सोलार क्यामरा, अन्डर वाटर ड्रोनलगायतका प्रविधिसहित गोताखोरले पानीभित्र पसेर पनि खोजी गरेका छन्।

घटनास्थल सिमलतालबाट करिब दुई किलोमिटर तल सशस्त्रको टोलीसहित खोजी कार्यमा भेटिएका चितवन प्रहरीका डीएसपी श्रीराम भण्डारी घटनास्थलभन्दा तलतर्फ सातवटा प्वाइन्ट बनाएर खोजी कार्य थालिएको बताउनुभयो। उहाँका अनुसार सशस्त्र प्रहरी र नेपाल प्रहरीले घुमाउनेबाट ८ वटा बोट, ५ वटा कायक र केही निजी वाटर बोट पनि प्रयोग गरेर नदीको सबै भागमा हेर्दै अघि बढेको छ।

**गृह सचिवको टोली घटनास्थलमा**

यसैबीच घटनाको चौथो दिन गृह सचिव एकनारायण अर्यालसहितको टोलीले सिमलताल क्षेत्र अवलोकन गरेको छ। पहिरोले बगाएर हराइरहेका यात्रु तथा बसको अवस्थाबारे बुझी उहाँले उद्धार तथा खोजी कार्य अझ प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ। उहाँसँगै अवलोकनमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्टका संयोजक एवं गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका सहसचिव भीष्मकुमार भुसाल, प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललगायत सहभागी थिए।

### यसरी...

आफ्नो भाषणका लागि सधैं टेलिप्रम्पटरको प्रयोग गर्ने गरेको भए तापनि यसपटक भने टेलिप्रम्टरको प्रयोग गर्नुभएन। टेलिप्रम्पटर तयारी अवस्थामै थियो तर ट्रम्पले र्‍यालीलाई सम्बोधन गर्दै 'आज म टेलिप्रम्पटरको प्रयोग नगरी आफ्नो कुरा सीधै भन्छु' भन्नुभएको थियो। त्यति नै बेलामा उहाँमाथि गोली प्रहार भएको थियो। टेलिप्रम्पटर प्रयोग नगरेको कारण ट्रम्पको टाउको दायाँबायाँ घुमेको कारण गोली छलिएर उहाँको कानलाई छोएर मात्रै निस्केको अनुमान गरिएको छ।

आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनका लागि रिपब्लिकन उम्मेद्वार ट्रम्पले निर्वाचनमा मत जता पनि ढल्किन सक्ने बट्लरका समर्थकहरूलाई सम्बोधन गर्न शुरू गर्नेबित्तिकै उहाँमाथि गोली प्रहार भएको हो। गोलीले उहाँको दायाँ कानको माथिल्लो भाग छेडेको ट्रम्प स्वयंले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसल नेटवर्कमा लेख्नुभएको छ।

अमेरिकी गुप्तचर संस्था एफबीआईका अनुसार उहाँलाई पेन्सिल्भेनियाकै बेथल पार्कका निवासी २० वर्षीय थमस म्याथ्यू क्रुक्सले गोली प्रहार गरेको थियो। शृंखलाबद्ध गोली चलेपछि सिक्रेट सर्भिसका अधिकारीहरूले ट्रम्पलाई घेरा हालेर मञ्चबाट बाहिर निकालेर उहाँको गाडीमा राखेका थिए। त्यसपछि ट्रम्प न्यूजर्सीस्थित आफ्नो घरमा फर्कनुभएको थियो।

क्रुक्सले कार्यक्रमस्थलभन्दा बाहिरको अग्लो संरचनाबाट गोली प्रहार गरेको बताइएको छ। उनलाई पनि सिक्रेट सर्भिसका अधिकारीहरूले तत्काल गोली हानेर मारेको सिक्रेट सर्भिसका प्रवक्ता एन्थोनी गुग्लिएल्मीले पुष्टि गर्नुभएको छ।

### १० महिनाको...

त्रिवि, पूर्वाञ्चललगायत सबै विश्वविद्यालयको नियमअनुसार प्रतिप्रशिक्षार्थी विद्यार्थी २४ हजार रुपियाँ पारिश्रमिक दिने व्यवस्था छ। यद्यपि, ती २० जना विद्यार्थीले २४ हजार नमागी श्रमिकको न्युनतम ज्याला मात्र माग गरेका छन्। नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सो कलेजले अध्ययन गरिरहेका २० जना विद्यार्थीलाई १० महिनादेखि एक रुपियाँ पनि दिएको छैन।

पतञ्जली कलेजले १० महिनासम्म तलब नदिएपछि विद्यार्थीले उजुरी दिएका थिए। कलेजको बिएएमएस इन्टर्नसिपमा अध्ययनरत एक विद्यार्थीले नेपाल समाचारपत्रसँग भने- 'तलबको त कुरै छाडौं, खाजा, खान र बस भाडासम्म दिने गरेको छैन। सयौं पटक तलब माग गर्दा पनि बेवास्ता गरेपछि बाध्य भएर उजुरी गरेका हौं।' नेपालमा आयुर्वेद कलेज सञ्चालन गरेदेखि विवादको घेरामा रहेको सो कलेजले तलब दिनुको साटो धम्क्याउने गरेको विद्यार्थीको आरोप छ।

'कोर्स सकिन २ महिना बाँकी छ, अहिलेसम्म एक रुपियाँ हात परेको छैन' -अर्का पीडित विद्यार्थीले नेपाल समाचारपत्रसँग भने। यस विषयमा नेपाल समाचारपत्रले धेरै विद्यार्थीसँग कुरा गरेको थियो। नाम उल्लेख गरे कलेजले कारबाही गर्नसक्ने भन्दै आफ्नो नाम उल्लेख नगर्न ती विद्यार्थीहरूले अनुरोध गरेका छन्।

रिसर्च सेन्टरका सूचना अधिकारी विश्वराज कोइरालाले श्रम विभागले पठाएको पत्रको अध्ययन भइरहेको जानकारी दिँदै भन्नुभयो- 'पत्र पाएका छौं। इन्टर्न विद्यार्थीलाई कति कति पारिश्रमिक उपलब्ध गराउने भन्ने विषयमा छलफल भइरहेको छ।'

कलेजले श्रम विभागको पत्रको बारेमा हरिद्वारस्थित पतञ्जली आयुर्वेद केन्द्रलाई जानकारी गराएको छ। उहाँका अनुसार पतञ्जलीले दिएको निर्देशनअनुसार पारिश्रमिकवापत कति रकम उपलब्ध गराउने भन्ने विषयमा निर्णय गरिने छ।

कलेजको समस्याका बारेमा पतञ्जली नेपालले रामदेव र आचार्य बालकृष्णलाई जानकारी गराइसकेको छ। नेपालको ट्रस्टी शालिकराम सिंहकै कारण कलेजमा समस्यामा बढिरहेको छन्। यसअघि पनि विश्वविद्यालयलाई २ लाख रुपियाँ नबुझाएर विद्यार्थीको परीक्षा नै अनिश्चित भएको थियो।

नेपाल समाचारपत्रले लगातार समाचार सम्प्रेषण गरेपछि विश्वविद्यालयमा रकम जम्मा गरेर परीक्षा सञ्चालन गरेको थियो। विश्वभर योगगुरुको नामले प्रख्यात रामदेव र आचार्य बालकृष्णले सञ्चालन गरेको सो कलेजमा काम गर्ने कर्मचारीलाई पनि तलब दिएको छैन। विद्यार्थीबाहेक अन्य कर्मचारीलाई पनि कलेजले नियुक्तिपत्र, बिदा र समयमा तलब दिने गरेको छैन। तलब माग्न गयो भने ट्रस्टी सिंहले थर्काउने गरेको आरोप छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०७/२९ मा दर्ता भएको प्रा.लि.नं. १७८२८३ को भव्य सटही काउन्टर प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Triveni Byapar Co. Pvt. Ltd.** कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| SR No. | Description | Size | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | REFRIGERATOR | 180 LTRS | AKARITEK | AK-RS180SH | N/A | INDIA | PCS | 23,529 | 23,529 |
| 2. | REFRIGERATOR | 180 LTRS | AKARITEK | AK-RS180BR | N/A | INDIA | PCS | 23,529 | 23,529 |
| 3. | REFRIGERATOR | 270 LTRS | PANASONIC | NR-BG272DALK | N/A | INDIA | PCS | 63,268 | 63,268 |
| 4. | REFRIGERATOR | 336 LTRS | PANASONIC | NR-BG342DALK | N/A | INDIA | PCS | 81,001 | 81,001 |

**विक्रेता फर्मको नाम** : *Triveni Byapar Co. Pvt. Ltd.*
**प्यान नं.** : *300058143*
**ठेगाना** : *Putalisadak, Kathmandu*
**फोन नं.** : *01-4242317*

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Road Division Khalte, Sindhuli**

**Invitation for Bids**

***Notice No: 01-RDKHT/081/82***

**Date of First Publication: 2081/03/31**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Office Khalte, Sindhuli invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S.N. | Contract No. | Name of work | Cost Estimate (NRs) without VAT | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDKHT/337310113/ 081/82-01 | Recurrent Maintenance Works on B.P. Highway (Bardibas-Sindhuli-Barkhe Khola Road section) | 1404293.08 | 40000 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Office Khalte, Sindhuli or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Division Chief**

**प्रिमीयर अर्गानिक्स प्रा.लि.**
**सुनसरी, दुहवी**

**मूल्य सूची सम्बन्धी सूचना**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यभरी मिति २०८१/०४/०१ देखि लागु हुने गरी निम्न मूल्यमा विक्री वितरण गरिने हुँदा सूचना प्रकाशित गरिएको छ।

| Brand Name | U.P | Size | Old ND Rate | Excise Impact | New ND Rate | Margin | Dist. Rate | Margin | Ws Rate | Margin | Retail Rate | Margin | MRP | In btl |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| The Himalayan Reserve | 25 | 750 | 31526 | 405.00 | 32026 | 3203 | 35229 | 2184 | 37413 | 2245 | 39658 | 3537 | 43195 | 3600 |
| | | 180 | 31526 | 388.80 | 32026 | 3203 | 35229 | 2184 | 37413 | 2245 | 39658 | 3537 | 43195 | 900 |
| Royal Reserve Whisky | 25 | 750 | 18700 | 405.00 | 19200 | 1920 | 21120 | 1267 | 22387 | 1007 | 23394 | 1931 | 25325 | 2110 |
| | | 375 | 18700 | 405.00 | 19200 | 1920 | 21120 | 1267 | 22387 | 1007 | 23394 | 1931 | 25325 | 1055 |
| | | 180 | 18700 | 388.80 | 19200 | 1920 | 21120 | 1267 | 22387 | 1007 | 23394 | 1931 | 25325 | 528 |
| Black Stallion Whisky | 40 | 750 | 9962 | 208.00 | 10170 | 840 | 11010 | 630 | 11640 | 582 | 12222 | 978 | 13200 | 1100 |
| | | 375 | 9962 | 208.00 | 10170 | 840 | 11010 | 630 | 11640 | 582 | 12222 | 978 | 13200 | 550 |
| | | 180 | 9962 | 208.00 | 10170 | 840 | 11010 | 630 | 11640 | 582 | 12222 | 978 | 13200 | 275 |

उपरोक्त बिक्री मूल्यहरुमा व्यापारिक एवम् अन्य छुटहरु समावेश गरिएकाले आवश्यकता अनुसार विभिन्न व्यापारिक अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु शोधभर्ना दिन सकिने छ।

## सम्पादकीय

# नयाँ सरकारले आशा जगाउनुपर्छ

एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएसँगै मुलुकमा नयाँ सरकार बनेको छ । हरेक नयाँ सरकार बन्दा जनतामा केही न केही आशा हुनु स्वाभाविक नै हो । नयाँ सरकार बन्नासाथ यो सरकारले केही गर्छ कि भनेर आशा गर्ने जनता भने विगतका सरकारका क्रियाकलापबाट निराशजस्तै बन्दै आएका छन् । अब ओली सरकारले जनताको निराशालाई आशामा बदल्न सक्नुपर्छ । विगतमा देश हाँक्ने मुख्य जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्वमा सदाचारिता र नैतिकताको ठूलो अभाव हुँदा देशको विकास अपेक्षा गरेअनुसार हुन नसकेको साँचो हो । आम नागरिक विकासको फलबाट वञ्चित हुन पुग्दा उनीहरूको सरकारप्रतिको आशा मर्न पुग्छ । जनतामा बारम्बार सरकारप्रतिको आशा र भरोसा मर्ने स्थिति आयो भने त्यसले विद्रोहसमेत ल्याउन सक्छ । त्यसैले ओली नेतृत्वको सरकारले अबका दिनमा आफ्ना सबै संयन्त्रहरू मुलुकको विकास, सुशासन र समृद्धिका लागि दौडाउन सक्नुपर्छ ।

अझै पनि रोग, भोक र गरिबीका कारण यहाँका कैयौँ नागरिक आक्रान्त छन् । हामीकहाँ धनी र गरिबबीचको खाडल झन्-झन् गहिरिँदै छ । धनीहरू झन् धनी र गरिबहरू झन् गरिब हुनुपर्ने दुःखदायी अवस्था छ । यो सबै विगतदेखि नै हाम्रा शासक र सरकारहरूले देखाउँदै आएको भ्रष्ट चरित्रको उपज हो । साथै उनीहरूको भ्रष्ट चरित्रले सिर्जना गरेको समस्या हो । त्यसैले चारैतिर निराशाको बादल मडारिरहेको छ । यस्तो अवस्थामा नागरिकलाई सपना देखाउनेभन्दा पनि काम गरेर परिणाम दिनुपर्ने आवश्यकता बढेर गएको छ । तत्कालीन नेकपा सरकारको प्रधानमन्त्री भएको बेला ओलीले समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य र अवधारणा ल्याउनुभएको थियो । विभिन्न कारणले त्यति बेला उहाँले ल्याएको अवधारणाअनुसार देश चल्न सकेन । अबचाहिँ ओलीले आफ्नो सो अवधारणालाई व्यवहारमा उतार्न सक्नुपर्छ ।

ओलीले त्यति बेला राज्य सञ्चालनमा रहेका सबै पक्षका लागि पाँचवटा सिद्धान्तअनुसार अघि बढ्नुपर्ने आवश्यकतासमेत औँल्याउनुभएको थियो । ती पाँच सिद्धान्तहरूमा समय सदुपयोगको सिद्धान्त, स्रोत-साधन सदुपयोगको सिद्धान्त, योजनाबद्ध प्रयासको सिद्धान्त, गतिशीलताको सिद्धान्त र एकाग्रताको सिद्धान्त रहेका थिए । अब प्रधानमन्त्री ओलीले फेरि ती सिद्धान्तलाई अघि सार्दै आफ्ना सारथी मन्त्री र सिंगो प्रशासन संयन्त्रलाई त्यसमा हिंडाउन सक्नुपर्छ । यसका लागि सबैजना सदाचारी र नैतिक बन्न जरुरी छ । ओलीले आफू सदाचारी बनेर मन्त्री, मुख्य सचिव, सचिव तथा अन्य उच्च राजनीतिक नेतृत्वसमेतमा सदाचारिता कायम गराउन सक्नुपर्छ । प्रधानमन्त्री ओलीका लागि यो ठूलो अवसर र चुनौती दुवै हो । धेरै चुनौती छन् । ती सबै चुनौतीलाई अवसरमा बदलेर मुलुकको विकास र समृद्धिको गतिलाई तेज बनाउन सक्नुभयो भने बल्ल उहाँ सफल राजनीतिज्ञ बन्न सक्नुहुनेछ । अन्यथा आयाराम गयारामकै शैलीमा काम भयो भने त्यो मुलुकको लागि समेत ठूलो दुर्भाग्य हुनेछ र उहाँको लोकप्रियताको क्षयीकरण हुनेछ । त्यसैले प्रधानमन्त्रीले पहिलो काम भ्रष्टाचारको अन्त्य गर्नै पर्छ ।

सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनको लागि मात्र नियुक्त भएका हुन्छन्, भ्रष्टाचार गर्न होइन । यो तथ्यलाई समेत बुझेर प्रधानमन्त्री र उहाँका सारथीहरूले सार्वजनिक हितका लागि मात्रै काम गर्ने र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिएर अघि बढ्नुपर्छ । जनताको एउटै चाहना छ- 'शासकहरू सदाचारी बन्न सकून्, भ्रष्टाचार नगरुन् ।' त्यसैले नयाँ सरकारको नेतृत्व गर्नुभएका ओली र उहाँका सबै सारथीहरूले जनताको चाहना अनुरुप सदाचार पद्धतिको मार्गमा हिंड्न सक्नुपर्छ । सुशासन कायम गर्ने विषयलाई मुख्य नीति बनाएर त्यसको सफल कार्यान्वयन गर्नुपर्छ । यसो हुन सकेमा मात्रै नयाँ सरकारले आम जनतामा आशा र भरोसा दिलाउन सक्छ ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।
email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# संविधान संशोधनमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख



कपिल काफ्ले

केही समययता संविधान संशोधनको चर्चा चलेको छ। नेपालका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार गठन गर्ने निर्णय लिएसँगै यस चर्चाले बजार लिएको हो। संविधान संशोधन कति आवश्यक छ र यसका कुन-कुन धारा संशोधन गर्नुपर्ने हो भन्ने निष्कर्षमा पुग्न निकै लामो यात्रा तय गर्नुपर्ने हुन्छ, दुई ठूला दलले जनतालाई सत्तामा जानुपर्ने कारण देखाउनका लागि मात्र संविधान संशोधनको सन्दर्भ उठाएका हुन् कि भन्ने आशंका पनि कायमै छ। यति हुँदाहुँदै पनि संविधान संशोधनको मनसुनी हावा शुरु भइसकेको छ- बाढी आउने हो कि रोपाइँ सम्पन्न हुने हो थाहा छैन, तर अब ढिलो-चाँडो केही हुन्छ नै। मुलुकलाई लाभ होस् वा नोक्सान, संविधान संशोधन हुने नै छ। तर आम नागरिकले मुलुक र आफ्नो हितमा यसको संशोधन गराउन आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नु आवश्यक मात्र होइन, अनिवार्य भएको छ।

त्यसो त संविधान संशोधनको आवश्यकतालाई राजनीतिक सुशासन र स्थायित्वका लागि एक आधारभूत कडीका रुपमा व्याख्या गर्ने ठूलो जमात संविधान जारी भएकै बेलादेखि देखा परेको हो। तत्कालीन नयाँ शक्तिका संयोजक तथा हाल नेपाल समाजवादी पार्टीका नेता डा. बाबुराम भट्टराईले समृद्ध नेपाल निर्माणका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था लागू गर्नुपर्ने धारणाको अगुवाइ गर्दै आएका हुन्। उनले समृद्ध नेपाल निर्माणका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्था लागू गर्नुको विकल्प नभएको र अहिलेको संविधान त्रुटिपूर्ण रहेको, आधी भरी र आधी खाली ग्लासका रुपमा रहेको चित्रण गरे। सबै दल र जनतालाई मान्य हुने गरी संविधान संशोधन गर्न उनले सुझाव दिँदै आएका थिए।

> असन्तुष्टि र छुटेका मुद्दालाई समेटेर संविधान बलियो बनाउनुलाई अन्यथा लिनुहुँदैन, तर संविधान संशोधन गर्दा विज्ञको कार्यदल बनाएर सुझावका आधारमा मात्र गर्ने काम भएन भने अझ बढी समस्या थपिनेछ। संविधान संशोधनको असर राजनीतिक प्रणालीमा पर्‍यो भने अस्थिरता निम्तिने जोखिम हुने धारणा संविधानविद्हरूको छ। यस धारणालाई मनन गर्दै लोकतान्त्रिक अभ्यास र प्रगतिशीलतालाई लक्ष्यमा राखेर संशोधनमा जानुपर्छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जाँदा सो लक्ष्यको संवर्द्धन नै हुने देखिन्छ।

प्रत्यक्ष निर्वाचित कार्यकारी नेतृत्वको शासकीय प्रणालीबारे विभिन्न कोणबाट टिप्पणी भइरहेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना नेताहरूसँग सुझाव माग गर्दै वितरण गरेको एउटा प्रस्तावित दस्तावेजमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिने धारणा राख्दै डा. भट्टराईले देखाएको बाटोमा समर्थन जनाइसकेको छ। विशेष गरी नेपालका वाम दलहरूले लामो समयदेखि प्रत्यक्ष निर्वाचित कार्यकारीयुक्त शासकीय प्रणाली हुनुपर्ने विषय उठाउँदै आएका छन्। तर नेपालको पुरानो राजनीतिक दल नेपाली कांग्रेसको संस्थापन पक्ष यसको विपक्षमा छ कि जस्तो लाग्छ। यद्यपि पार्टीभित्र पनि प्रत्यक्ष कार्यकारीको धारणा राख्ने समूह छ। विश्वका अधिकांश मुलुकमा रहेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अभ्यास हेर्दा, खासमा यस प्रणालीको मुख्य विशेषता नै स्थायी सरकारको आधार खडा गर्नु रहेको देखिन्छ। तर यस आधारलाई वामपन्थी वा नयाँ शक्तिका रुपमा उदाएका समूहले पनि बलियो एजेन्डाका रुपमा अघि सार्न भने सकेका छैनन्। औपचारिकरूपमा कहिल्यै यस विषयलाई अघि बढाएको देखिएको छैन। तर, डा. भट्टराई र उनको नेतृत्वमा रहेको समूहले भने यस एजेन्डालाई तुलनात्मकरुपमा सबल ढंगले अघि बढाएको देखिन्छ। डा. भट्टराईलगायतका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको पक्षमा मत राख्नेहरू यस शासकीय अभ्यासमा जाँदा संसदीय प्रणालीमा देखिएको जस्तो राजनीतिक अस्थिरता नहुने र अहिलेको प्रणालीमा देखिएका धेरै खाले विकृति कम हुने दाबी गर्छन्। संसदीय प्रणालीका पक्षधरहरू भने प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रावधानले कुनै पनि व्यक्ति निरङ्कुश बन्ने सम्भावना देख्छन्।

डा. भट्टराई प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुखको पक्षमा देखिन्छन् भने रास्वपालगायतका केही शक्तिहरू प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा छन्। प्रधानमन्त्रीको निर्वाचनबारे रास्वपा उल्लेख गर्दछ, गोप्य मतदानद्वारा बहुमत प्राप्त गर्ने वंशज नेपाली नागरिक निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुनेछ। पहिलोपटकको निर्वाचनमा सदर मतको बहुमत अर्थात् एकाउन्न प्रतिशत नआए बढी मत पाउने दुई उम्मेदवारबीच पुनः निर्वाचन गरिने फ्रान्सलगायतका युरोपेली मुलुकको शासकीय स्वरुप र निर्वाचन प्रणालीलाई रास्वपाले समर्थन गरेको छ। अप्रत्यक्ष निर्वाचनबाट राष्ट्रपति चयन गर्ने परिकल्पना गरिएको रास्वपाको दस्तावेजमा सरकारको नीति तथा कार्यक्रम र बजेट प्रधानमन्त्रीले नै संसद्मा पेस गर्ने उल्लेख गरिएको छ। नीति तथा कार्यक्रम र बजेटलाई प्रतिनिधिसभामा आवश्यक छलफल गरेर पारित गरिने भनिएको दस्तावेजमा प्रधानमन्त्रीले भिटो लगाउन सक्ने पनि उल्लेख छ। तर प्रधानमन्त्रीले लगाएको भिटोलाई प्रतिनिधिसभाको दुई तिहाइले खारेज गर्न सक्नेछ। रास्वपाको उक्त प्रस्तावित दस्तावेजमा प्रदेश प्रमुख, प्रदेशसभा र प्रदेशका मन्त्रीहरू नरहने र प्रत्यक्ष निर्वाचनबाट कार्यकारी प्रदेश गभर्नर चयन गरिने उल्लेख गरिएको छ। रास्वपाको अवधारणा हेर्दा कतिपयले आशंका गरेजस्तो प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख तानाशाही बन्न सक्तैन। सन्तुलितरुपमा उसले अघि नबढ्ने हो भने उसलाई महाभियोग लगाउन र उसको भिटोलाई संसद्ले खारेज गर्न सक्ने प्रावधान हुन्छ।

नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनको व्यवस्था छ। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने, यो र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्नुपर्ने, संशोधन प्रस्ताव सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने आदि प्रावधान राखिएको छ। प्रदेशसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसद्मा पठाउनुपर्नेछ। तर कुनै प्रदेशसभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेशसभा गठन भई त्यसको पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनुपर्नेछ। तोकिएको अवधिभित्र बहुसंख्यक प्रदेशसभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ।

बहुसंख्यक प्रदेशसभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नुपर्नेछ। पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिनेछ। संविधान संशोधनका लागि आयोग बनाउने र त्यसले दिने सुझावका आधारमा संविधान संशोधनमार्फत निर्वाचन प्रणाली सुधार गरी राजनीतिक स्थायित्व प्रत्याभूत गर्ने उद्घोषका साथ सहमतिमा सरकार चलाउने कांग्रेस-एमालेले पनि यही प्रक्रिया पूरा गर्नुपर्नेछ।

कांग्रेस-एमालेबीच बनेको नयाँ राजनीतिक समझदारीसँगै संविधान संशोधनको आवश्यकता र त्यसको प्रक्रियाबारे बहस शुरु भएको छ। निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधन गरिने दुवै दलको सहमति छ। सत्ता खेलका कारण राजनीतिक स्थिरता निम्तिएपछि पहिलो र दोस्रो ठूलो दलले संविधानका कुन-कुन धारा संशोधन गर्ने प्रस्ट नखुलाए पनि समानुपातिक निर्वाचन प्रणालीलाई हटाएर वा कम गरेर एक वा दुई दल मिलेर बहुमत ल्याउने व्यवस्था गर्न लागेको देखिन्छ। संविधान संशोधनका लागि आयोग बनाउने र त्यसले दिने सुझावका आधारमा संविधान संशोधनमार्फत निर्वाचन प्रणाली सुधार गरी राजनीतिक स्थायित्व प्रत्याभूत गर्ने दाबी कांग्रेस-एमालेको छ। संविधान संशोधनका लागि संसद्मा दुई तिहाइ मत आवश्यक पर्छ। नेपालको संविधानमा भएको प्रावधानअनुसार संविधान संशोधन गर्नुपरे प्रतिनिधिसभा र राष्ट्रिय सभामा दुई तिहाइ बहुमत अनिवार्य हुन्छ। यसअनुसार प्रतिनिधिसभाको २७५ बाट कम्तीमा १८४ सांसद संख्या आवश्यक पर्छ। अहिले कांग्रेस र एमालेको सांसद संख्या जोड्दा १६७ मात्र पुग्छ। यसरी हेर्दा यी दुई दलले दुई तिहाइका लागि थप १८ सांसदको साथ जुटाउनुपर्नेछ। राप्रपा (१४), जनमत (६), जनता समाजवादी (५) लगायतका दललाई निम्त्याउने गठबन्धनको तयारी छ। तर, राष्ट्रिय सभाको अंकगणित भने उनीहरूका लागि त्यति अनुकूल देखिँदैन। ५९ सदस्यीय राष्ट्रिय सभामा कम्तीमा ४० मत आवश्यक पर्छ। राष्ट्रिय सभामा माओवादी एक्लैका १७ सांसद छन् भने कांग्रेसका १६ र एमालेका १० सांसद। दुई तिहाइका लागि प्रमुख दुई दललाई थप १४ सांसदको सहयोग चाहिन्छ। राष्ट्रिय सभामा एकीकृत समाजवादीका ८, जसपा नेपालका ३, लोसपाका १, जनमोर्चाका १ र ३ मनोनीत सांसद छन्। कांग्रेस र एमालेलाई राष्ट्रिय सभामा दुई तिहाइ पुऱ्याउन एकीकृत समाजवादी, जसपा नेपाल, लोसपा, जनमोर्चा समाजवादी र जसपासँगै मनोनीतको पनि साथ चाहिन्छ।

उता, माओवादीले भने कांग्रेस-एमालेबीच संविधान संशोधनका विषयमा भएको समझदारीले प्रतिगमनलाई निम्त्याउने दाबी गरेको छ। आफूलाई मात्र परिवर्तनको बाहक ठान्ने माओवादी केन्द्रले संविधान संशोधन गर्ने भनेको अहिलेको अवस्थाबाट पछि हट्नु हो भन्ने टिप्पणी गरेको छ। कांग्रेस-एमालेभित्र संघीयता, समावेशी, समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने प्रतिगमन रहेको, त्यतातिर गएर संविधान संशोधन गर्नु प्रतिगमन हुने, अहिलेसम्मको राजनीतिक उपलब्धि र बलिदानको बेवास्ता हुने र त्यसो गर्ने प्रयास गरिए जनताले प्रतिवाद गर्ने उसको राजनीतिक टिप्पणी छ।

तर कांग्रेस र एमालेले संविधानका सबल र दुर्बल पक्षको समीक्षा गरी संविधान संशोधनको प्रस्ताव अघि सारेको बताएका छन्। संविधान प्रारम्भ भएपछि जुन अभ्यास भएको छ त्यसका सबल र दुर्बल पक्षको वा जटिलताको समीक्षा गर्ने र आवश्यकताअनुसार संविधान संशोधन गर्ने अडान उनीहरूको छ। नागरिकका अधिकार कुण्ठित पार्ने र समानुपातिक प्रणालीलाई साँघुऱ्याउने निर्णयको पक्षमा कोही पनि देखिएको छैन। संविधानवादमा रहेर संविधान संशोधन गर्दा समयसापेक्ष परिमार्जन गर्न नहुने भन्ने होइन तर जनतालाई अधिकार सम्पन्न गर्न हुने वा संकीर्ण बनाउन भन्ने सबाल महत्वपूर्ण हुन आउँछ।

राप्रपाले कांग्रेस-एमाले गठबन्धनमा सहभागी हुनेबारे निर्णय नगरे पनि संविधान संशोधनको पक्षमा उभिने संकेत गरेको छ। यस संविधानले काम गरेन, आमूलरूपमा परिवर्तन नगरी हुन्न भन्ने धारणा राप्रपाको छ। तर ऊ संविधान संशोधन गरेर राजतन्त्र ल्याउन चाहन्छ, जो सम्भावनाभन्दा बाहिरको विषय देखिन्छ।

संविधान संशोधनले समग्र राजनीतिक प्रणालीमै अस्थिरता ल्याउने जोखिम पनि रहेको छ। संविधान संशोधन गर्नु आफैंमा गलत नभए पनि यस कार्यले राजनीतिक प्रणालीमा अस्थिरता ल्याएका उदाहरण विश्वमा यत्रतत्र छन्। संविधान निर्माण गर्दा केही पक्षहरू असन्तुष्ट थिए, उनीहरूले चलखेल गर्ने मौका पाउँछन्। असन्तुष्टि र छुटेका मुद्दालाई समेटेर संविधान बलियो बनाउनुलाई अन्यथा लिनुहुँदैन, तर संविधान संशोधन गर्दा विज्ञको कार्यदल बनाएर सुझावका आधारमा मात्र गर्ने काम भएन भने अझ बढी समस्या थपिनेछ। संविधान संशोधनको असर राजनीतिक प्रणालीमा पऱ्यो भने अस्थिरता निम्तिने जोखिम हुने धारणा संविधानविद्हरूको छ। यस धारणालाई मनन गर्दै लोकतान्त्रिक अभ्यास र प्रगतिशीलतालाई लक्ष्यमा राखेर संशोधनमा जानुपर्छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जाँदा सो लक्ष्यको संवर्द्धन नै हुने देखिन्छ।

# विचार र बहस : संविधान संशोधनको



सुरथ पोखेल

नेपालको राजनीति कहिल्यै पनि स्थायित्व हुन सकेन। कुन बेला के हुन्छ ? अनुमान नै गर्न सकिँदैन। यस्तो तरल राजनीतिका कारण खेल खेल्ने खेलाडी धेरै भए। यसले गर्दा व्यक्तिले त जिते, फाइदा लिए, तर देश झन्-झन् संकटमा पर्दै गएको विज्ञहरू औँल्याउँछन्। यही बीचमा फेरि आजभोलि अर्को राजनीतिक एजेन्डाले खूब बहस र चर्चा पाएको छ। त्यो हो, संविधान संशोधनसहितको सत्ता परिवर्तनका कुरा। संविधान निर्माण भएर कार्यान्वयन भएको त धेरै अवधि भएकै छैन, तर पनि यही थोरै समयमा पनि संविधानको निकै अनुभव, प्रयोग, जटिलता, समस्या औँल्याउन थालिएको छ। संविधान संशोधनका धेरै पाटा हुन सक्छन् तर मैले यहाँ केवल देशमा राजनीतिक स्थायित्व हुन नसक्नुका केही कारणहरूमा घोत्लिन खोजेको छु। साँच्चै संविधान संशोधन गर्ने नै हो भने निम्न कुरा हुन सके भविष्यमा केही हदसम्म भए पनि देशमा राजनीतिक स्थायित्व हुन सक्थ्यो कि भनेर अनुमान गर्न खोजिएको छ।

१. हालको संघीय संसद् द्वि-सदनात्मक हुने व्यवस्था त ठीक छ तर सदस्य संख्या र निर्वाचन प्रणालीमा केही परिवर्तन गर्न जरुरी छ। साथै सरकार निर्माण र फेरबदलमा संसद्लाई प्रयोग नगर्ने तर नीति-कानुन-बजेट बनाउनुका अतिरिक्त सरकार एवं राज्यका अन्य निकायहरूलाई समेत संसद् प्रति उत्तरदायी बनाउनचाहिँ पर्ने हुन्छ।
२. संघीय संसद्मध्ये प्रतिनिधिसभाको सदस्य संख्या २ सयभन्दा बढी नबनाउने र यो सबै प्रत्यक्ष निर्वाचित हुने अर्थात् पहिलो हुने निर्वाचित हुने प्रणालीबाट मात्र गर्ने।
३. संघीय संसद्को अर्को स्थायी सभा राष्ट्रिय सभाको सदस्य संख्या ७५ जति बनाउने तर यसलाई पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट छनौट हुने व्यवस्था मिलाउने।
४. प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित वा प्रतिनिधिसभामा बहुमत प्राप्त जसलाई बनाए पनि हुन्छ, तर मन्त्री संसद् सदस्य नभएको सम्बन्धित विषयमा जानकारी भएको वा विज्ञ जो बाहिर रहेकाहरूबाट बनाउने। साथै मन्त्रीमण्डल २१ सदस्यीय भन्दा बढी हुनै नसक्ने गरी व्यवस्था मिलाउने।
५. प्रदेश संरचना हटाउन सहमति जुटे ठीक छ तर नभए पनि प्रदेशसभाको लागि सम्बन्धित प्रदेशको स्थानीय तहको प्रमुख (मेयर र अध्यक्ष) हरूको सभालाई नै प्रदेशसभा बनाउने। विशेष परिस्थितिबाहेक यो सभा वर्षमा एकपटक मात्र बस्नुका साथै मुख्यमन्त्रीको छनोट त्यही सभाले निर्वाचित गराउने र प्रदेश मन्त्रीमण्डल ३/५ भन्दा बढी सदस्य कुनै हालतमा हुन नसक्ने, त्यो पनि सभा सदस्यभन्दा बाहिरको व्यक्ति हुने गरी गर्ने व्यवस्था मिलाउने।
६. स्थानीय तहको संख्या ५ सय वरपर हुने गरी, बरु वडाको संख्या अझ बढाउन वा थपघट गर्न सक्ने गरी पुनरावलोकन गराउने।
७. संविधानमा नमिलेको कुरा जस्तै- दोहोरो अर्थ दिने, अमिल्दो, कमजोरी रहेका कुरा मिलाउने र प्राप्त गरेको अधिकार कार्यान्वयन गर्न सक्ने गरी अनावश्यक कुरा हटाएर राज्यका सबै संरचनाको एकपटक पुनरावलोकन गर्ने।
८. संघीय सरकार र स्थानीय तहलाई कार्यकारी भूमिकासहितको अधिकार सम्पन्न बनाउने, बरु प्रदेश सरकारलाई समन्वयकारी भूमिकासहित केन्द्र र स्थानीयबीच पुलको काम गर्ने गरी व्यवस्था मिलाउने।
९. उपराष्ट्रपतिको पद र राष्ट्रिय सभाको अध्यक्षको पदमा एउटै व्यक्ति हुने गरी व्यवस्था मिलाउने।
१०. संसद्बाट पारित कानुनको सैद्धान्तिक कुरा अध्यादेशबाट संशोधन हुनै नसक्ने बनाउने, बरु कार्यान्वयनको चरणमा आउन सक्ने प्रक्रियागत जटिलता र प्राविधिक कुरा मात्र अध्यादेशबाट संशोधन गर्न सक्ने बनाउने।
११. निर्वाचनमा प्राप्त मतको आधारमा दलले पाउनुपर्ने थ्रेसहोल्डमा पनि पुनरावलोकन गरी दललाई अझ मझबुत बनाउनुका साथै राजनीतिक दल दर्ता गर्दा आवश्यक मतदाता बराबर पनि लगत्तै आउने आवधिक निर्वाचनमा मत कटाउन नसक्ने दल स्वतः खारेज हुने बनाउने।

> साँच्चै कमी-कमजोरी रहेको संविधान संशोधनसमेत गर्न तयार भएर सत्ता परिवर्तन भएको हो भने स्वागत गरिनुपर्दछ। इमानदारीपूर्वक कार्यान्वयन गर्ने वातावरण भने बनाइनुपर्छ। यसका लागि तयार नवनियुक्त प्रधानमन्त्रीज्यू एवं सहमत सत्ता साझेदार र सरोकारवाला सबै हामी नागरिकका तर्फबाट धन्यवादको पात्र हुनुहुनेछ।

अतः बहस र छलफलका लागि राजनीतिक विषय अरु धेरै हुन सक्छन्। अझ सामाजिक परिवेशमा भोग्दै आएका कुरा झन् धेरै हुन सक्छन्। तर राज्यको संयन्त्र यस्तो हुनुपर्छ कि कम्तीमा अब के हुँदै छ भन्ने कुरा सामान्य नागरिकले समेत अनुमान गर्न सक्ने हुनुपर्दछ। साथै आफैंमा एकले अर्कोलाई विश्वसनीयता कायम गर्न सकिने अवस्था आउनुपर्दछ। साँच्चै कमी-कमजोरी रहेको संविधान संशोधनसमेत गर्न तयार भएर सत्ता परिवर्तन भएको हो भने स्वागत गरिनुपर्दछ। इमानदारीपूर्वक कार्यान्वयन गर्ने वातावरण भने बनाइनुपर्छ। यसका लागि तयार नवनियुक्त प्रधानमन्त्रीज्यू एवं सहमत सत्ता साझेदार र सरोकारवाला सबै हामी नागरिकका तर्फबाट धन्यवादको पात्र हुनुहुनेछ। यस्तो सकारात्मक उद्देश्य तथा लक्ष्य हासिलका लागि नवगठित मन्त्रिपरिषद्सहित सबैलाई सफलताको शुभकामना एवं हार्दिक बधाई !

## पाठक पत्र

# अर्काको जमानी बस्दाको पीडा

बूढापाकाले अहिले पनि भन्ने गरेका छन्, 'ऋण नलागे जमानी बस्नु, घरमा शान्ति भए दुईवटी श्रीमती बिहे गर्नु।' यसको अर्थ जमानी बसे तनाव बढ्नु र दुईवटी श्रीमती भए घरको शान्ति भंग गर्नु हो। उनीहरू अहिले पनि भन्छन्, 'राति सुत्दा बूढी औंला मुठीभित्र लुकाएर सुत्नुपर्छ।' राति सुतेको बेला तमसुकमा थिचाउन सक्ने भएकाले त्यो भनिएको हो। पहिलेका मान्छे अक्षर नचिनेको भए पनि धेरै टाठाबाठा थिए। के गर्न हुन्छ, के गर्नु हुँदैन ? के गरेमा कानुनको बर्खिलाप हुन्छ ? उनीहरू जानकार थिए। सेतो कागजमा कालो मसीले लेखेर ल्याप्चे लगाइदिनु भनेमा उनीहरू मान्दैनथे।

आफू फस्ने भएकाले उनीहरू सतर्क रहन्थे। पछिल्लो समय साक्षारताको दर बढेको छ। धेरैले पढेलेखेका छन्। विडम्बना, पढेलेखेकामा नपढेको जति पनि बुद्धि छैन। बैंक तथा वित्तीय संस्था वा व्यक्तिले ऋण दिनुअगाडि दुईजना साक्षी राख्छ। साक्षी नराखीकन ऋण दिँदैन। पढलेख गरेकाहरू सोचविचार नै नगरीकन गएर साक्षी बसिदिन्छन्। जसले लेनदेनको कागजमा साक्षी बस्छ, ऊ भोलि प्रहरी चौकीदेखि अदालतसम्म बयान दिन पुग्नुपर्छ। ऋणीले ऋण तिरेन भने साक्षीको सम्पत्ति रोक्का हुन्छ। उसको तीनपुस्ते पत्रिकामा निक्लिन्छ।

त्यस्तै ऊ पनि कालोसूचीमा पर्छ। जबकि पैसा त उसले लिएको हुँदैन। धेरै साक्षीलाई अहिले बैंक तथा वित्तीय संस्थाको तनाव खेपिनसक्नु भएको छ। साक्षीले पैसा लिएको हुँदैन, न चलाएको नै हुन्छ। तर सम्पत्तिचाँहि तिनको रोक्का हुन्छ। कालोसूचीमा पनि नाम निस्किन्छ। आफ्नो साथी वा आफन्तको अनुहार हेर्दा निर्दोषहरू फसिरहेका छन्। बेकाममा आफ्नो परिवारलाई फसाइरहेका छन्। पछिल्लो समय धेरैले बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न सकेका छैनन्। यस्तोमा फस्ने साक्षी बनेका छन्। उसले बैंक तथा वित्तीय संस्थाबाट ऋण ल्याएर के गऱ्यो ? साक्षीलाई के थाहा ? उसले त लिएको हुँदैन। आफ्नो परिवारलाई बेकारमा दुःख दिइरहेका छन्।

एक लाखको धितो राखेर २० लाख ऋण लिनका लागि पनि साक्षी राख्नुपर्छ। त्यसमा घूस पनि खुवाउनुपर्छ। अधिवक्ताले पनि साक्षी नराखीकन तमसुकमा हस्ताक्षर गर्दैनन्। मुलुकमा आर्थिक मन्दी छ। व्यापार व्यवसाय सुकेको छ। यस्तोमा धेरै ऋणीले ऋण तिर्न सकेनन्। चाहे त्यो बैंकको होस् या व्यक्तिको, ऋणीले ऋण नतिर्दा दुःख साक्षीले पाइरहेका छन्। एकातिर पारिवारिक तनाव, अर्कोतिर आफ्नो सम्पत्ति गुमाउनुपर्ने डर। दुनियाँले देख्ने गरी पत्रिकामा तीनपुस्ते निस्किरहेको छ। प्रहरी र अदालत धाउँदाको पीडा उत्तिकै। बयानका लागि अदालत जाऊ, तारिख बोक, कम्ता सास्ती त छैन।

किताबको ज्ञान लिएकासँग व्यावहारिक ज्ञान नहुँदा आफ्नो खुट्टामा बन्चरो हानिरहेका छन्। एउटा ल्याप्चे त हो, हस्ताक्षर त हो भन्दा कति दुःख पाउनुपऱ्यो। अहिलेको पढाइको स्तर पनि यहाँबाट छर्लङ्ग भयो। घोकन्ते पढाइमा व्यावहारिक ज्ञान केही छैन। के गर्दा कानुन आकर्षित हुन्छ ? भन्नलाई डिग्री लिएका छन्, सामान्य ज्ञान छैन।

ऋण लिने एउटा, दुःख पाउने अर्को। अहिले धेरैले 'नखाएको विष लागेको' भन्दै दुखेसो पोखिरहेका छन्। बैंक तथा वित्तीय संस्थाले साक्षीहरूको नाममा धमाधम चिठी काटिरहेको छ। यसले गर्दा साक्षीको पूरा परिवार तनावमा आएको छ। बैंक तथा वित्तीय संस्था तथा व्यक्तिले मिटरब्याजमा पैसा लगानी गर्छन्। धितो राख्छन्, घूस खान्छन्। अझै पनि तिनकै दादागिरी छ। साक्षी बसेकै भरमा कसैको सम्पत्ति रोक्का गर्न मिल्छ ? कालोसूचीमा राख्न मिल्छ ? कालोसूचीमा राख्नेबित्तिकै न तिनका छोराछोरी विदेश जान मिल्छ, न बैंक, फाइनान्समा खाता खोल्न मिल्छ। अभिभावकले पैसा ल्याएर चलाएका पनि हुँदैनन्।

अर्काको साक्षी बसिदिँदा यति कठोर बनिदिन त भएन नि। अर्कालाई सहयोग गर्दा आफ्नो सम्पत्ति गुमाइरहेका छन्। साक्षी बस्नेको घरमा बैंकले चिठी टाँसिरहेको छ। चिठी टाँस्ने, समाजमा बदनाम गराउने काम बैंकले गरिरहेको छ। साक्षी बसेकै भरमा मानसिक तनाव दिन पाइन्छ ? बालबच्चालाई मानसिक यातना दिन मिल्छ ? यसको जवाफ कसले दिने ?

- अनुसा थापा, भक्तपुर

नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत प्रश्नोत्तर

**१. प्रधानमन्त्री पुष्पकमल दाहाल विश्वासको मत प्राप्त गर्न असफल भई कहिले पदमुक्त हुनुभएको हो ?**
- २०८१ साल असार २८ गते (प्रधानमन्त्री प्रचण्डको पक्षमा ६३ मत परेको, विपक्षमा १ सय १४ मत र मत दिन्न भन्नेमा १ मत परेको, बैठकमा २ सय ५८ जना सांसदको उपस्थिति रहेको)

**२. बेलायतको पहिलो महिला प्रधानमन्त्री को हुन् ?**
- मार्गरेट थ्याचर

**३. फिल्ड मेडल कुन विधासँग सम्बन्धित छ ?**
- गणित अध्ययन

**४. विश्वमा कुन क्रान्ति पछि मध्ययुगको समाप्त भएको मानिन्छ ?**
- फ्रान्सेली राज्य क्रान्ति

**५. "जितलाई जसले पनि आत्मसात गर्न सक्छ भने हारलाई बहादुरले मात्र पचाउन सक्छ।" यो भनाइ कसको हो ?**
- एडोल्फ हिटलर

**६. नेपाल सरकारले सङ्क्रामक रोगको सूचीमा कति वटा रोगलाई सूचीकृत गरेको छ ?**
- ५२ वटा

**७. नारायणी वाङ्मय पुरस्कार-२०८० कसलाई प्रदान गरिएको हो ?**
- गोपाल अस्क

**८. कार्यक्रम बजेटको शुरूआत कहाँबाट भएको हो ?**
- अमेरिका

**९. विश्वको पहिलो मिस आर्टिफिसियल इन्टेलिजेन्स (मिस एआई) को उपाधि विजेता को हुन् ?**
- केन्जा लइली (विश्वभरका १५ सय एआई मोडलमध्ये मोरोक्कोकी केन्जा सर्वोत्कृष्ट बनेकी, मिस एआईमा फ्रान्सकी ललिना दोस्रो र पोर्चुगलकी ओलिभिया सी तेस्रो भएकी)

**१०. बाराक-८ मिसाइल कुन देशको मिसाइलको नाम हो ?**
- भारत र इजरायल

**११. पहांग राज्य कुन देशमा रहेको छ ?**
- मलेसिया

**१२. राउटे समुदायले केवल बाजामात्र बजाएर नाच्ने नाचलाई के भनिन्छ ?**
बैशाली

**१३. क्लिन फिड भन्नाले केलाई बुझाउँछ ?**
- विज्ञापनरहित प्रशारण हुने टेलिभिजन च्यानल

**१४. आल्माटा सम्मेलन केसँग सम्बन्धित छ ?**
- प्राथमिक स्वास्थ्य हेरचाह

**१५. नेपालको पहिलो हुलाक टिकटमा के अंकित गरिएको थियो ?**
- गोरखा अधिराज्य

**१६. टंगाल दरबार कसले बनाएका हुन् ?**
- भीमशमशेर

## विषयगत प्रश्नोत्तर

**१. संवैधानिक परिषद्को सिफारिसमा नियुक्त गरिने पदहरू कुन-कुन हुन् ? संवैधानिक परिषद्को गठन प्रक्रिया उल्लेख गर्दै संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस्।**

पृष्ठभूमि
- नेपालको संविधानको धारा २८४ मा प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद्को व्यवस्था गरिएको
- प्रधान न्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै यस संविधान बमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्ने
- मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्न सकिने
- संविधानको धारा २८३ मा संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने व्यवस्था गरिएको

परिषद्को सिफारिसमा नियुक्त गरिने पदहरु
- प्रधानन्यायाधीश
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु
- महालेखा परीक्षक
- लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरु
- निवार्चन आयोगका प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तहरु
- राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तथा सदस्यहरु
- राष्ट्रिय महिला आयोगका अध्यक्ष तथा सदस्यहरु
- राष्ट्रिय दलित आयोगका अध्यक्ष तथा सदस्यहरु
- राष्ट्रिय समावेशी आयोगका अध्यक्ष तथा सदस्यहरु
- आदिवासी जनजाति आयोगका अध्यक्ष तथा सदस्यहरु
- मधेसी आयोगका अध्यक्ष तथा सदस्यहरु
- थारू आयोगका अध्यक्ष तथा सदस्यहरु
- मुस्लिम आयोगका अध्यक्ष तथा सदस्यहरु

संवैधानिक परिषद्को गठन प्रक्रिया
- प्रधानमन्त्री - अध्यक्ष
- प्रधान न्यायाधीश - सदस्य
- प्रतिनिधिसभाको सभामुख - सदस्य
- राष्ट्रिय सभाको अध्यक्ष - सदस्य
- प्रतिनिधिसभाको विपक्षी दलको नेता - सदस्य
- प्रतिनिधिसभाको उपसभामुख - सदस्य
  - प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्दा नेपाल सरकारको कानुन तथा न्यायमन्त्री सदस्यको रूपमा रहने
  - नेपाल सरकारको मुख्यसचिवले संवैधानिक परिषद्को सचिव भई काम गर्ने

संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकार
- प्रधानन्यायाधीश तथा संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्ति गर्ने प्रयोजनका लागि संसदीय सुनुवाइका लागि सिफारिस गर्ने
- सिफारिस गरिएका व्यक्तिहरुमध्ये संघीय संसद् सचिवालयबाट नियुक्त गर्न बाधा नपर्ने गरी लेखी आएको व्यक्तिलाई नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने
- सिफारिसका लागि योग्यता पुगेका व्यक्तिहरुको अभिलेख तयार गर्ने
- पदाधिकारीको नियुक्ति, पदावधि, पद रिक्तता, पुनर्नियुक्ति लगायतका विषयको अभिलेख अद्यावधिक गरी राख्ने

निष्कर्ष
कार्यकारी, विधायिका तथा न्यायपालिकाका प्रमुखका साथै विपक्षी दलको नेताको समेत सहभागिता रहने संवैधानिक परिषद्ले प्रधानन्यायाधीश तथा संवैधानिक निकायहरुको पदाधिकारीहरुको नियुक्तिका लागि गरिने सिफारिसलाई वैज्ञानिक, वस्तुनिष्ठ तथा प्रभावकारी बनाउन जरुरी रहेको छ।

**२. सार्वजनिक सेवा प्रवाहका आधारभूत सिद्धान्त के-के हुन् ? सार्वजनिक सेवा प्रवाहमा देखिएका विद्यमान समस्याहरू पहिचान गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उपायहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- राज्यले सर्वसाधारण जनताको हित र कल्याणको लागि उपलब्ध गराउने सेवा सुविधालाई सेवाग्राहीसम्म पुऱ्याउन अवलम्बन गरिने तरिकालाई सार्वजनिक सेवा प्रवाह भनिन्छ।
- राज्यबाट प्रभावकारी सार्वजनिक सेवा प्राप्त गर्नु जनताको नैसर्गिक अधिकार हो। यसलाई आधारभूत मौलिक अधिकारको रूपमा पनि लिँदै जनअपेक्षा र आवश्यकता परिपूर्ति हुने गरी सार्वजनिक सेवा प्रवाह गर्नुपर्दछ।

सार्वजनिक सेवा प्रवाहका आधारभूत सिद्धान्तहरु
- नागरिक पहुँचको प्रवर्द्धन र छनोटको सुविधा
- नागरिक संवाद र सहभागिता प्रवर्द्धन
- सेवाको गुणस्तर निर्धारण
- दक्षता, कार्यसन्तुष्टि र क्षतिपूर्ति
- सार्वजनिक जवाफदेहिता
- शिष्टता र जिम्मेवारीपन
- सार्वजनिक रुचिको सम्बोधन
- तटस्थता र निस्पक्षता
- बजार संयन्त्रको उपयोग
- अधिकारको विकेन्द्रीकरण
- नागरिक सशक्तीकरण
- सेवा प्रदायकबीचको प्रतिस्पर्धा
- नतिजामा जोड
- जनताले सेवा प्राप्त गर्ने अधिकार राख्दछन् भन्ने मान्यता
- नवप्रवर्द्धन र सुधार
- खुला र पूर्ण सूचनाको उपलब्धता

विद्यमान समस्याहरु
- सेवा प्रदायक र नागरिकबीचको सम्बन्ध कमजोर रहेको छ।
- जनउत्तरदायी भावनामा ह्रास
- अपर्याप्त सेवा सुविधा
- गुणस्तरीय सेवाको अभाव
- लक्षित वर्ग लाभान्वित हुन नसकेको
- जनताको आवश्यकता बमोजिमो सेवा सुविधाको अभाव
- जनविश्वासको कमी
- कमजोर अभिलेख व्यवस्थापन प्रणाली
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा कमी
- नियम कानुनको तजविजी व्याख्या
- दण्डहीनता हावी हुँदै गएको
- पारदर्शिता र जवाफदेहिताको कमी
- बढ्दो गोप्यताको संस्कृति
- सुशासनको कमी
- एकद्वार प्रणाली अपनाउन नसकिएको
- कमजोर समन्वय अवस्था
- छरिएको बस्तीको कारण सेवा वितरणमा समस्या
- चुलिएका मानवीय आकांक्षाको सम्बोधनमा कठिनाइ
- प्रतिस्पर्धी सेवाको कमी
- स्रोत साधनको कुशल प्रयोगको कमी
- उपयुक्त प्रविधिको विकास तथा उपयोग
- निर्णय प्रक्रियामा ढिलासुस्ती
- प्रक्रयामुखी कर्मचारीतन्त्र
- कार्यविधिगत जटिलता
- सेवाग्राही मूल्यांकन प्रणालीको अभाव
- सार्वजनिक पृष्ठपोषण प्रणालीको अवलम्बन हुन नसकेको
- कर्मचारीमा निहित शासकीय मानसिकता
- राजनीतिक प्राथमिकतामाको कमी
- निस्क्रिय र अप्रभावी नागरिक समाज
- परिवर्तनलाई आत्मसाथ नगर्ने प्रणाली
- नाफामुखी निजी क्षेत्र
- पेशागत इमानदारिताको कमी

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उपायहरु
- निजी क्षेत्रबाट प्रवाह गर्दा प्रभावकारी हुने कामको जिम्मा निजी क्षेत्रलाई दिने
- निजी र सरकारी क्षेत्र दुवैको सहयोगमा सम्पादन गर्नुपर्ने काम सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने
- सेवाग्राही सम्प्रभूता कायम गर्ने
- चयन वा विकल्पको विस्तार गर्ने
- कार्यविधिगत प्रक्रियामा सुधार गर्ने
- सेवाग्राही संलग्नता बढाउने
- सेवाको गुणस्तर निर्धारण गर्ने
- फ्रन्टलाइन सेवालाई स्रोत साधन तथा अधिकार सम्पन्न गराउने
- सेवाग्राही सन्तुष्टि मापन गर्ने
- उपभोक्ता अदालत गठन गर्ने
- सूचना प्रविधिको प्रयोगमा जोड दिने
- संरचनात्मक परिवर्तन गर्ने
- सेवाको बारेमा प्रचार प्रसार गर्ने
- प्रक्रियामा होइन नतिजामा जोड दिने
- सार्वजनिक सेवा प्रवाहमा युनिफरमिटी, नन-डिस्क्रिमिनेसन, इक्विटी, एसेससिबिलिटी हुनु पर्दछ।
- लक्षित वर्गलाई पहिचान गरी सेवा प्रवाह गर्ने

निष्कर्ष
सार्वजनिक सेवा प्रवाह गर्नु राज्यको दायित्व र प्राप्त गर्नु नागरिकको अधिकार हो, सेवा जनताको वरिपरि घुम्नु पर्दछ न कि जनता सेवाको वरिपरि भन्ने मान्यतामा आधारित भई सेवा प्रवाहलाई छिटो, छरितो र कम लागतमा सेवाग्राही सन्तुष्ट हुने गरी सेवा प्रदान गर्नुपर्दछ।

**३. द्वन्द्वका अवधारणामाथि प्रकाश पार्दै द्वन्द्व व्यवस्थापनका शैलीको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- विभिन्न व्यक्ति, समूह संगठन वा समुदाय बीचको अन्तरक्रिया नै द्वन्द्व हो, जसमा एउटा व्यक्ति, समूह, संगठन वा समुदायको विचार, सोचाइ, चाहना, बुझाइ, धारणा, अनुभव, स्वार्थ, मूल्य मान्यता अर्को व्यक्ति, समुदाय वा संगठनसँग बाझिन्छ जसको कारणले द्वन्द्वको सिर्जना हुन्छ।
- व्यक्ति वा समूहबीच उत्पन्न हुने विचारको फरकपन वा मतभिन्नता नै द्वन्द्व हो।

द्वन्द्वका अवधारणाहरु

*(क) परम्परागत दृष्टिकोण*
- द्वन्द्वप्रतिको नकारात्मक दृष्टिकोण
- द्वन्द्व सधैं हानिकारक हुन्छ भन्ने मान्यता
- द्वन्द्व नियन्त्रण गर्नुपर्दछ भन्ने मान्यताको वकालत
- सन् १९३० सम्म प्रचलनमा रहेको

*(ख) मानव सम्बन्धवादी दृष्टिकोण*
- द्वन्द्वलाई स्वभाविक प्रक्रियाका रूपमा हेर्ने दृष्टिकोण
- द्वन्द्वको यथोचित समाधान गर्नुपर्दछ भन्ने मान्यता
- द्वन्द्वले विकास सम्बन्ध गराउँछ भन्ने मान्यता
- सन् १९७० सम्म प्रचलित

*(ग) अन्तरक्रियात्मक दृष्टिकोण*
- द्वन्द्वलाई एक हदसम्म प्रोत्साहित गर्नुपर्दछ भन्ने मान्यता
- द्वन्द्वले समाजिक परिवर्तन गतिशीलता एवं रूपान्तरण ल्याउँछ भन्ने दृष्टिकोण
- द्वन्द्वसम्बन्धि आधुनिक अवधारणा
- सन् १९७० पछि प्रचलित भएको

द्वन्द्व व्यवस्थापनका शैलीहरु
- द्वन्द्वविद् थोमस र राल्फाले द्वन्द्व व्यवस्थापनका समायोजित, अलग्गिनु, सहकार्य, सम्झौता र प्रतिस्पर्धा गरी पाँच प्रकारका शैलीहरु पहिचान गरेका छन्। द्वन्द्व व्यवस्थापनका शैलीहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :-

*(क) दबाबपूर्ण शैली*
- एक पक्षले जित्ने र अर्को पक्षले हार्ने गरी द्वन्द्व व्यवस्थापन गर्ने शैली

*(ख) तिरस्कार तथा पन्छाउने शैली*
- द्वन्द्वलाई अनावश्यक विषय मानेर पन्छाउने
- नो विन, नो लसको अवस्था
- सामान्य प्रकृतिको द्वन्द्वमा उपयोगी हुने

*(ग) समायोजन शैली*
- विन एन्ड लसको अवस्था हुने
- आफ्नो हक हितलाई त्याग्न तयार हुने शैली
- दुवै पक्षको साझेदारी

*(घ) सम्झौतामुखी शैली*
- केही लिने र केही त्याग्ने शैली
- वोथ विन एन्ड वोथ लसको अवस्था हुने

(ङ) मेलमिलापूर्ण शैली
- दुवै पक्षको विन विन को अवस्था हुने

निष्कर्ष
द्वन्द्व समाज हुने निरन्तर तथा गतिशील प्रक्रिया हो। एक हदसम्म द्वन्द्वलाई सामाजिक परिवर्तन र रूपान्तरणको आधारका रूपमा पनि लिन सकिन्छ। द्वन्द्व व्यवस्थापनका लागि चाखमा आधारित, शक्तिमा आधारित तथा न्यायमा आधारित एवं निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपरात्मक तरिकाहरु अवलम्बन गर्न सकिन्छ।

**४. समय व्यवस्थापनका तत्वहरू के-के हुन् ? समय व्यवस्थापनको महत्वमाथि प्रकाश पार्दै समय व्यवस्थापनका रणनीति र प्रभावकारी व्यवस्थापनका उपायहरूको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- कुनै व्यक्ति स्वयं वा संगठनको हितका लागि उपलब्ध समयको उचित तथा प्रभावकारी तरिकाले उपलब्धिमूलक रूपमा उपयोग गर्ने कला नै समय व्यवस्थापन हो।
- कुनै निश्चित कार्य गर्न कति समय लाग्छ भनि योजना बनाउने, कार्यान्वयन गर्ने तथा त्यसको नियन्त्रण गर्ने कार्यका रूपमा समय व्यवस्थापनलाई लिइन्छ।

समय व्यवस्थापनका तत्वहरु
- समय उपयोगको प्रभावकारी योजना
- लक्ष्य र उद्देश्य निर्धारण
- समयसीमा निर्धारण
- जिम्मेवारी र अधिकार निर्धारण
- आवश्यकता र महत्वको आधारमा प्राथमिकता निर्धारण
- प्रभावकारिता मूल्याङ्कन

समय व्यवस्थापनको महत्व
- संगठनात्मक कार्यकुशलता वृद्धि
- जोखिम न्यूनीकरण हुने
- साधनको अत्युत्तम उपयोग भई गुणस्तरीय परिणाम उपलब्ध हुने
- द्वन्द्व र तनाव न्यूनीकरण हुने
- सही समयमा सेवा प्रवाह भई जनविश्वास वृद्धि
- प्रभावकारी समय व्यवस्थापनको माध्यमबाट गल्ती हुने सम्भावना कमी हुने
- तनाव व्यवस्थापन गर्न सहज हुने
- नियम, कानुन, नियमनकारी निकायको नियमन आदिको परिपालना

समय व्यवस्थापनका रणनीति
- लक्ष्य निर्धारण
- समय वर्गीकरण
- अन्तरमनबाट प्रतिबद्धता
- बुद्धिमानीपूर्वक प्राथमिकता निर्धारण
- समयको सीमा निर्धारण
- समय समयमा समय र कामको बीचमा मूल्याङ्न
- शारीरिक तथा मानसिक रूपले व्यवस्थित र तन्दुरस्त रहने
- अनावश्यक कामहरूको न्यूनीकरण
- पुनरावलोकन सहितको थप योजना निर्माण
- स्टप वाच तथा टाइमरको प्रयोग
- मोबाइल, टिभीलगायतका समय किलरका लागि समयसारिणी बनाई त्यसको उचित तबरले कार्यान्वयन

प्रभावकारी व्यवस्थापनका उपायहरु
- उपलब्ध समयको आँकलन गर्ने
- समय वर्गीकरण गर्ने
- समय उपयोगसम्बन्धी मापदण्ड एवं कार्ययोजना तयार पार्ने
- सीमित समयको कुशल एवं बहुउपयोगका लागि रणनीति निर्माण गर्ने
- समयसम्बन्धी मापदण्ड, कार्ययोजना तथा रणनीतिको पूर्ण परिपालना गर्ने
- समय खेर नफाल्ने तथा दुरूपयोग गर्ने सम्बन्धमा प्रतिबद्ध रहने
- आधुनिक समय व्यवस्थापन सम्बन्धी आधुनिक प्रविधि अवलम्बन गर्ने
- अभिलेख व्यवस्थापनलाई व्यवस्थित तुल्याउने, अग्रगामी कार्य प्रक्रियामा जोड दिने
- अनावश्यक व्यवधान नहुने व्यवस्था मिलाउने
- संस्थागत अभिलेखलाई प्रभावकारी तुल्याउने
- समयमै कार्य क्षेत्रमा/कार्यालयमा पुग्ने
- दैनिक कार्ययोजना नोट बनाउने
- कामसम्बन्धी उपकरण, औजार, कार्यालय समान, टेवल, कम्प्युटरलगायतका सामग्रीहरू व्यवस्थित र ग्उमबतभम राख्ने
- कार्यालयबाट कुनै मिटिङमा जाँदा वा घरबाट कार्यालय जाँदा केही मार्जिन समय राखेर केही अगाडि हिँड्नुपर्ने
- आफ्नो लागि काम गर्ने हो भन्ने मनोभावनाले काम गर्ने
- व्यक्तिगत काम, फोन, भेटघाट कार्यालय समयमा कम गर्ने र गर्ने परे समय तालिका मिलाएर गर्नुपर्ने
- प्राथमिकताको आधारमा कार्य सम्पादन गर्दै जाने

निष्कर्ष
समयलाई कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा योजना बनाइ कार्यान्वयन गरिएमा सकारात्मक नतिजा हासिल भई संगठनको लक्ष्य सहज, मितव्ययी तथा प्रभावकारी ढंगले प्राप्त गर्न सकिन्छ।

**५. दोहोरो लेखा प्रणालीका उद्धेश्यहरू के-के हुन् ? दोहोरो लेखा प्रणालीका विशेषताहरू उल्लेख गर्दै यसका फाइदा र बेफाइदाहरूको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- निश्चित नियम र सिद्धान्तहरुको अनुशरण गरेर व्यवसायको सम्पूर्ण वित्तीय कारोबारलाई डेबिट र क्रेडिट पक्ष गरी दुई स्थानमा अभिलेख राख्न प्रयोग गरिने लेखा प्रणालीलाई दोहोरो लेखा प्रणाली भनिन्छ।

दोहोरो लेखा प्रणालीका उद्धेश्यहरु
- मौद्रिक मूल्यमा भएका वा मौद्रिक मूल्यमा व्यक्त गर्न सकिने सम्पूर्ण कारोबारहरुको पूर्ण अभिलेख राख्नु
- व्यवसाय सञ्चालनको नतिजा (नाफा-नोक्सान) को स्थिति पत्ता लगाउनु
- कुनै निश्चित समयावधिको व्यवसायको यथार्थ वित्तीय स्थिति (सम्पत्ति, दायित्व, पुँजी) चित्रण गर्नु
- विभिन्न प्रकारका खाताहरुको सारांश (सन्तुलन परीक्षण) तयार पारी अभिलेखहरुको गणितीय शुद्धताको जाँच गर्नु, गल्तीहरु पत्ता लगाउनु, गल्तीहरु संसोधन गर्न र रोकथाम गर्न सहयोग गर्नु
- वित्तीय स्थितिसँग सम्बन्धित सूचनाहरु सम्बन्धित पक्षलाई उपलब्ध गराउनु
- विगत र वर्तमानको वित्तीय अवस्थाको तुलना गर्नु
- वैज्ञानिक तरिकाले अभिलेख राखी अन्तिम खाता तयार पार्न सहयोग गर्नु

दोहोरो लेखा प्रणालीका विशेषताहरु
- द्विपक्षीय प्रभावद:- डेबिट र क्रेडिट गरी दुई पक्षहरुमा अभिलेख राखिने
- समान प्रभाव :- डेबिटको कुल रकम बराबर क्रेडिटको कूल रकम हुने गरी अभिलेख राखिने
- बराबर प्रभाव :- दुईवटा खातामा तर विपरीत अभिलेख राखिने
- अंकगणीतिय जाँच :- सन्तुलन परीक्षण तयारी गरी अंकगणितीय शुद्धता जाँच गरिने
- पूर्ण अभिलेख :- व्यक्तिगत, वास्तविक र सांकेतिक खातासँग सम्बन्धित सम्पूर्ण अभिलेख राखिने
- वैज्ञानिक प्रणाली :- यसका मूल्य मान्यता र सिद्धान्तहरु वैज्ञानिक रहेका

दोहोरो लेखा प्रणालीका फाइदाहरु
- प्रत्येक कारोबारको पूर्ण अभिलेख राखिने
- वित्तीय स्थिति प्रस्तुत गरिने
- गणितीय शुद्धताको जाँच गरिने
- तुलना गर्न सहयोग हुने
- गल्ती तथा अनियमितता कम हुने
- विश्वासनियता रहने

दोहोरो लेखा प्रणालीका वेफाइदाहरु
- जटिल
- खर्चिलो
- सुधारात्मक कार्यमा कठिनाई
- सबै व्यवसायिक क्रियाकलापहरुको अभिलेख नहुनु
- केही गल्तीहरु व्यक्त गर्न असफल

निष्कर्ष
मुद्रा र मौद्रिक मूल्य भएका कारोबारहरुको लाभ प्राप्तकर्ता र लाभ त्यागकर्ता गरी द्विपक्षीय रूपमा अभिलेख राखिन प्रयोग गरिने लेखा प्रणाली नै दोहोरो लेखा प्रणाली हो।

# वर्षासँगै किसानलाई रोपाइँको चटारो

**नेपाल समाचारपत्र, बैतडी**

केही दिनदेखि भइरहेको वर्षासँगै यहाँका किसानलाई रोपाइँको चटारो परेको छ। आकासेपानीले रोपाइँ गर्ने किसान वर्षासँगै रोपाइँ गर्न व्यस्त रहेका हुन्।

सिँचाइ सुविधा नभएर आकासेपानीको भरमा रहेका किसान धमाधम रोपाइँ गर्न थालेका दोगडाकेदार नगरपालिका-३ श्रीकोटका गणेशसिंह विष्टले बताउनुभयो। 'सिँचाइ सुविधा नभएर आकासेपानीको भरमा थियौं, वर्षा भएसँगै रोपाइँको चटारो परेको छ।' -उहाँले भन्नुभयो।

धानखेती हुने क्षेत्रमध्ये ४० प्रतिशतमा मात्रै सिँचाइ सुविधा रहेको छ। कृषि ज्ञान केन्द्र बैतडीले पनि जिल्लामा ७० प्रतिशत रोपाइँ सम्पन्न भइसकेको जनाएको छ। केन्द्रका प्रमुख घनश्याम चौधरीले वर्षा भएसँगै धमामम रोपाइँ भइरहेको बताउनुभयो। 'सिँचाइ सुविधा भएका ठाउँमा यसअघि नै रोपाइँ सम्पन्न भइसकेको छ। आकासेपानीको भरमा रहेका किसान हाल रोपाइँ गरिरहेका छन्।' -उहाँले भन्नुभयो।

यसै बीच, गत वर्षको तुलनामा भने यो वर्ष समयमा वर्षा नहुँदा वर्षा नहुँदा रोपाइँ गर्न ढिलाइ भएको छ। गत वर्ष असार मध्यसम्म गतेसम्म ८५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको बैतडीमा यो वर्ष वर्षा नहुँदा ७० प्रतिशतमात्रै रोपाइँ भएको छ। जेठ १५ गतेदेखि असार मसान्तसम्म रोपाइँका लागि उत्तम समय मानिन्छ।

जिल्लाको पाटन नगरपालिका क्षेत्रको पाटन सेरा, डिलाशैनीको गोकुलेश्वर क्षेत्र, सिगासको ढुंगाड क्षेत्र, मेलौलीको सलेना, पञ्चेश्वरको महाकालीसँग जोडिएको क्षेत्र, दशरथचन्द नगरपालिकाको महाकालीसँग जोडिएको क्षेत्र, सुर्नयाको सुर्नया नदीसँग जोडिएको क्षेत्रलाई धान पकेट क्षेत्रका रूपमा लिने गरिएको छ।

बैतडीमा पछिल्लो समयमा धानखेती हुने जमिनसमेत घट्दै गएको छ। पछिल्लो कृषि गणनाको तथ्यांक अनुसार बैतडीमा ५ हजार २ सय २५ हेक्टर जमिनमा मात्रै धानखेती हुने गरेको छ। ९ हजार हेक्टर जमिनमा धानखेती हुँदै आएको बैतडीमा रोपाइँ हुने क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

# अख्तियारमा गण्डकी विश्वविद्यालयविरुद्ध उजुरीको चाङ

## कार्यक्रम संयोजक सिलवाल पनि तानिए

**विजय नेपाली, पोखरा**



अख्तियारमा गण्डकी विश्व विद्यालयविरुद्ध उजुरीको चाङ लागेको छ। गण्डकी विश्वविद्यालयका कानुन विषयका उपप्राध्यापक तथा कानुन विषयका कार्यक्रम संयोजक रविकुमार सिलवालविरुद्ध पनि उजुरी परेको छ।

सिलवालको नियुक्त गर्दा विश्वविद्यालयले नियमावली संशोधन अवैद्य तरिकाले गरेको भन्दै अख्तियारमा उजुरी परेको हो।

सचेत नेपाली नागरिक नामबाट अख्तियारमा सिलवालसहित विश्वविद्यालयको न्यायिक परिषद्का अध्यक्ष कैलाशनाथ प्याकुरेल, कुलपति गणेशमान गुरुङ, उपकुलपति एंव जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष नवराज देवकोटा, रजिस्ट्रार कैलाश तिमिल्सिना, विज्ञान तथा प्रविधि संकाएका डीन कपिल अधिकारी, लेखा प्रमुख तथा लेखा शाखा, जनशक्ति व्यवस्थापन समितिका सदस्य गेहेन्द्रेश्वर कोइरला र का सदस्य विश्वकल्याण पराजुलीविरुद्ध उजुरी परेको छ। गण्डकी प्रदेश सरकारको लगानीमा सञ्चालित विश्वविद्यालय हो।

संस्थामा सञ्चालित कानुनमा स्नातक बीएएलएलबी कार्यक्रम सञ्चालनमा रहेको छ। उक्त कार्यक्रममा उपप्रध्यापकको निम्ति योग्य हुन स्नाकोत्तर प्रथम श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने अनिवार्य व्यवस्था भए पनि दोस्रो श्रेणीमा उत्तीर्ण सिलवाललाई नियुक्त गरेको भन्दै उजुरी परेको हो। विश्वविद्यालयले ०८० पुस २२ गतेको पत्र च.नं ५० बाट नतिजा प्रकाशन गरी उहाँलाई नियुक्त गरेको थियो। सिलवाल कानुनमा स्नाकोत्तर द्वितीय श्रेणीमा हालसालै मात्र उत्तीर्ण गरेको उजुरीमा उल्लेख छ।

'स्नाकोत्तर प्रथम श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने भन्ने प्रावधानलाई आफूअनुकूल बनाई स्नाकोत्तर दोस्रो श्रेणी भन्ने प्रावधान राखेकोमा उक्त विज्ञापनमै खुलेको अन्य विषयका उपप्राध्यापकको शैक्षिक योग्यता स्नाकोत्तर प्रथम श्रेणी भनी उल्लेख भएबाट विपक्षीहरूले गलत कार्य गरेको प्रस्ट हुन्छ', उजुरीमा भनिएको छ- 'उक्त नियमावली गण्डकी प्रदेश सरकारबाट अनुमोदन प्रमाणीकरण नगरी निजलाइ गैरकानुनी रूपमा नियुक्त गरी विश्वविद्यालयमा चरम व्यथिति ल्याई नेपाल सरकारको स्रोत साधनको हिनामिना गरेका छन्।'

यस विषयमा उपकुलपति नवराज देवकोटासँग जानकारी लिँदा आवश्यक योग्यताअनुसारको निवेदन नपर्दा कार्यक्रम सञ्चालन गर्नका लागि नियमावली संशोधन गरेको बताउनुभयो। उहाँले नियमावली संशोधन गरी प्रक्रियामार्फत उपप्राध्यापकमा नियुक्त गरेको जनाउनुभएको छ।

'शुरुमा त हामीले पनि प्रथम श्रेणीकै व्यक्ति लिउँ भनेर अघि बढ्यौं निवेदन नै परेन। मान्छे नै नआउँदा कार्यक्रम सञ्चालन भएन। अनि सम्बन्धित कार्यविधिलाई संशोधन गरेर द्वितीय श्रेणीको लिँदा त्रिभुवन विश्वविद्यालयको छविभन्दा तल हामी झरेकै छैनौं। यसमा के आपत्ति भयो ?', देवकोटा भन्नुहुन्छ- 'शुरुमा त हामीले अझ कानुनमा मात्र होइन सबै विषयको कार्यक्रम अघि बढाउन राम्रो होला भनेर पीएचडी (विद्यावारिधि) गरेको लिन खोज्यौं पाएनौं।'

## बाइस विद्यालयको नतिजा शून्य

**उदयपुर, (नेस)**

केही दिनअघि सार्वजनिक एसईईको नतिजामा उदयपुरका २२ वटा सामुदायिक विद्यालयको नतिजा शून्य आएको छ। ताप्ली गाउँपालिकाको एक वटा, लिम्चुङबुङ गाउँपालिका एक वटा, उदयपुरगढी गाउँपालिका र रौतामाई गाउँपालिकाका चार-चार वटा सामुदायिक विद्यालयको नतिजा शून्य भएको हो।

त्यसै गरी, त्रियुगा नगरपालिकाका दुई, कटारी नगरपालिकाका दुई वटा, बेलका नगरपालिकामा तीन वटा र चौदण्डीगढी नगरपालिकामा पाँच विद्यालयको नतिजा शून्य आएको छ।

